# गलातीहरूलाई
# प्रेरित पावलको पत्र

# गलातीको पत्रको परिचय

## परिचय

क. गलाती र रोमीका पत्रहरू केवल अनुग्रहले प्रभु ख्रीष्टमाथिको मात्र विश्वासद्वारा मुक्ति पाइने नयाँ करारका सबैभन्दा प्रष्ट घोषणापत्रहरू हुन् ! गलातीको पत्रलाई "क्रिश्चियन स्वतन्त्रताको मुख्य दस्तावेज" भनिन्छ ।

ख. यो पत्रले प्रोटेस्टेन्ट सुधारवादको जोश फैलायो ।
   १. मार्टिन लूथरले भने, "गलातीको पत्र नामक सानो पुस्तक मेरै पत्र हो । मैले आफूलाई त्यसप्रति सुम्पिएको छु । यो मेरी श्रीमती हो ।"
   २. जोन वेस्लीका अनुसार गलातीको पत्रबाट तयार पारिएको एउटा प्रवचनबाट तिनले अनन्त शान्ति पाए ।
   ३. कर्टिस भौघनले आफ्नो *स्टडी गाइड कमेन्टरी* को पृष्ठ ११ मा यसरी लेखे, "थोरै पुस्तकहरूले मात्र मानिसका मनहरूमा विशाल प्रभाव पारेका छन्, मानव इतिहासको बाटोलाई अति महत्वपूर्ण तरिकाले आकार दिएका छन्, वा आधुनिक जीवनका सबैभन्दा गहन खाँचोहरूप्रति उच्च सान्दर्भिकतासाथ बोलिरहेका छन् ।"

ग. यो सिद्धान्त केन्द्रित तथा पावलको सम्भवत: पहिलो पत्रचाहिँ रोमीको पत्रको अग्रदूत थियो जसमा विश्वासद्वारा अनुग्रहले मात्र धर्मी ठहरिने सिद्धान्तलाई प्रष्ट पारिएको छ र मोशाको व्यवस्थाको तथा प्राचीनहरूका परम्पराहरू (अर्थात् मौखिक परम्पराहरू)-को पालनाद्वारा कामले धार्मिकता कमाइने यहूदी धर्मको मुख्य विषयलाई तुलना गरिएको छ ।
   १. मानवीय कार्यहरू र अनुग्रह दुवैमा मुक्ति पाउन सकिँदैन ।
   २. मुक्ति या त मानवीय कार्यहरूमा या अनुग्रहमा पाइनुपर्दछ ।
   ३. साँचोरूपमा प्रभु ख्रीष्टलाई ग्रहण गरेपछि ख्रीष्टको जस्तो स्वभाव आउनेछ ।
   ४. यहूदी धर्मको व्यवस्थावाद जसले मुक्ति ल्याइदियो र क्रिश्चियन व्यवस्थावाद जसले क्रिश्चियन स्वतन्त्रतालाई न्याय गर्ने र नियन्त्रण गर्ने प्रयास गर्दछ, यी दुईबीच ईश्वरशास्त्रीयरूपमा भिन्नता छ । यहूदी धर्मको कर्ममा आधारित नमुनालाई विनाशको योग्य भनी पावलले खण्डन गर्दछन्, तर तिनी क्रिश्चियन व्यवस्थावादलाई चलाउन इच्छुक छन् (अर्थात्, कमजोर विश्वास, सन्दर्भ रोमी १४:१-१५:१५; १ कोरिन्थी ८-१०) । विश्वासद्वारा अनुग्रहले सित्तैंमा पाइने मुक्तिको सुसमाचारलाई पो पावलले समर्थन गर्दछन्, तैपनि केही विश्वासीहरूमा व्यवस्थावादी प्रवृत्तिहरू हुने कुरालाई तिनी स्वीकार गर्दछन् ।

घ. प्रभु ख्रीष्टमाथिको मात्र विश्वासद्वारा अनुग्रहले पाइने यो नितान्त सित्तैंको मुक्ति हाम्रो जमानामा अत्यावश्यक छ किनभने हाम्रो आफैमा केन्द्रित, काममा आधारित धार्मिक ज्ञानको अबिरल, बलियो आकर्षण अहिले व्याप्त छ । परमेश्वरले नै पहल गर्नुभएको, आफैलाई अर्पण गर्ने, निशर्त करारको प्रेमलाई हरेक युगमा चुनौती दिइएको छ जुन प्रेमलाई मानिसको पश्चात्ताप र नम्र विश्वासद्वारा ग्रहण गर्न सकिन्छ ! झूटा शिक्षकहरूले मुक्तिमा रहेको प्रभु ख्रीष्टको मुख्य स्थानलाई अस्वीकार गरिरहेका थिएनन्, तर तिनीहरूले उहाँमाथि पूर्वशर्तहरू थपिरहेका थिए । हामी यो कुरा त थप्दैनौं, तर कुनै न कुनै कुरा भने थप्दछौं !

## लेखक

पावलले नै यो पत्र लेखेका हुन् भन्ने कुरालाई कहिल्यै पनि गम्भीररूपमा शङ्का गरिएको छैन, किनकि यो पावलका लेखोटहरूको एउटा महत्वपूर्ण खम्बा हो । गलातीको पत्र अत्यन्त जीवनीगत र व्यक्तिगत छ । यो अत्यन्त भावनात्मक छ र पनि यसमा सुसमाचारको सत्यतालाई प्रष्टरूपमा प्रस्तुत गरिएको छ ।

## मिति र प्रापकहरू

क. पृष्ठभूमिका यी दुई पक्षहरूलाई एकैसाथ प्रस्तुत गरिनुपर्दछ किनभने प्रापकहरूका परिचयहरूका दुई विपरीत सिद्धान्तहरूले पत्र लेखिएको मितिलाई प्रभाव पार्दछन् । दुवै सिद्धान्तहरूमा तार्किक वजन र सीमित बाइबलीय प्रमाण छ ।

ख. ती दुई सिद्धान्तहरू यसप्रकार छन्:

१. अठारौं शताब्दीसम्म एकैमतको रहेको परम्परागत सिद्धान्त ।

क. यसलाई "उत्तरी गलातीको सिद्धान्त" भनिन्छ ।

ख. यसको मान्यताअनुसार "गलातीया" ले टर्कीको उत्तरी मध्य टारका गलाती जातिलाई जनाउँदछ (सन्दर्भ १ पत्रुस १:१) । ती गलाती जातिहरू केल्टहरू थिए (ग्रीकमा *केल्टोइ* वा ल्याटिनमा *गल*) जसले यो क्षेत्रलाई ईशापूर्व तेस्रो शताब्दीमा अतिक्रमण गरेका थिए । तिनीहरूका पश्चिमी यूरोपेली भाइहरूदेखि छुट्टयाउनको लागि तिनीहरूलाई "गलो-ग्रेसियन" भनिन्थ्यो । पर्गाममका राजा अटालस प्रथमद्वारा ईशापूर्व २३० मा तिनीहरू पराजित भए । तिनीहरूको भौगोलिक प्रभाव उत्तरी मध्य एसिया माइनर वा आधुनिक टर्कीमा सीमित भयो ।

ग. यो जातीय समूहलाई मानिलिने हो भने यो पत्र लेखिएको मितिचाहिँ सन् ५० को दशकको मध्यतिर हुनुपर्दछ जतिबेला पावलले दोस्रो वा तेस्रो मिसनेरी यात्रा गरेका थिए । पावलका सहयात्रीहरू सिलास र तिमोथी थिए ।

घ. गलाती ४:१३ मा उल्लेखित पावलको बिमारीलाई कतिपयले मलेरिया भनेका छन् । ओसिलो, मलेरिया लाग्ने, समुद्रीतटका होचा भूभागहरूबाट टाढिनको लागि पावल उत्तरी उच्च भूभागहरूतिर गए भनी तिनीहरू जोर दिन्छन् ।

२. दोस्रो सिद्धान्तलाई सर विलियम एम. राम्सेले प्रवर्तन गर्नुभएको हो, *St. Paul the Traveller and Roman Citizen,* New York: G.P. Putnam's Sons, 1896.

क. परम्परागत सिद्धान्तले "गलातीया" लाई जातीय समूहको रूपमा परिभाषित गरेजसरी यो सिद्धान्तले यसलाई प्रशासकीय क्षेत्रको रूपमा परिभाषित गर्दछ । पावलले रोमी प्रान्तका नामहरू प्रायः प्रयोग गरेका देखिन्छ (सन्दर्भ १ कोरिन्थी १६:१९; २ कोरिन्थी १:१; ८:१; इत्यादि) । रोमी प्रान्त "गलातीया" ले जातीय "गलातीया" भन्दा धेरै ठूलो क्षेत्रलाई समेट्दथ्यो । यी जातीय केल्टहरूले रोमलाई सुरुदेखि नै समर्थन गरे र पुरस्कारस्वरूप तिनीहरूलाई अति स्थानीय स्वशासन दिइयो तथा क्षेत्रीय अधिकारलाई विस्तार गरियो । यदि यो ठूलो क्षेत्रलाई "गलातीया" को रूपमा चिनिन्थ्यो भने पिसिडिया, लिस्त्रा, डर्बी र आइकोनियमजस्ता एन्टिओकका दक्षिणी सहरहरूमा पावलले गरेका पहिलो मिसनेरी यात्रा, जसलाई प्रेरित १३-१४ मा उल्लेख गरिएको छ, यिनै मण्डलीहरू भएका भूभागमा भएको हुन सम्भव छ ।

ख. यो "दक्षिणी सिद्धान्त" लाई मानिलिने हो भने त्यसको लेखन मिति अति छिटो हुन आउँदछ - प्रेरित १५ को "यरूशलेम महासभा" को नजिक तर त्यसभन्दा अगाडि । उक्त महासभाले गलातीको पत्रकै विषयवस्तुलाई सम्बोधन गर्दछ । उक्त महासभा सन् ४८-४९ मा बसेको थियो

र उक्त पत्र सम्भवतः त्यही अवधिमा लेखिएको थियो । यदि यो साँचो हो भने हाम्रो नयाँ करारमा गलातीको पत्रचाहिँ पावलको पहिलो पत्र हो ।

ग. दक्षिणी गलाती सिद्धान्तका केही प्रमाणहरूः

(१) पावलका सहयात्रीहरूको कुनै नाम उल्लेख गरिएको छैन तर बर्नबासलाई तीनपटक उल्लेख गरिएको छ (सन्दर्भ २:१, ९, १३) । योचाहिँ पावलको पहिलो मिसनेरी यात्रासँग मेल खान्छ ।

(२) तीतसको खतना भएको थिएन भन्ने कुरा उल्लेख गरिएको छ (सन्दर्भ २:१-५) । यो कुरा प्रेरित १५ को यरूशलेम महासभाभन्दा अगाडिको समयसँग अत्यन्त मेल खान्छ ।

(३) पत्रुसको उल्लेख (सन्दर्भ २:११-१४) र गैरयहूदीहरूसँग सङ्गतिको समस्याचाहिँ यरूशलेम महासभाभन्दा अगाडि भएको हुन अति सम्भव छ ।

(४) यरूशलेममा पैसा लगिएको बेलामा विभिन्न क्षेत्रका पावलका धेरैजना साथीहरू (सन्दर्भ प्रेरित २०:४)-लाई उल्लेख गरिएको थियो । तैपनि उत्तरी गलातीयाका सहरहरूका कसैलाई पनि उल्लेख गरिएको थिएन, यद्यपि यी जातीय गलातीयाका मण्डलीहरू सहभागी भएका थिए भन्ने हामी जान्दछौं (सन्दर्भ १ कोरिन्थी १६:१) ।

३. यी सिद्धान्तहरूसम्बन्धी विभिन्न तर्कहरूका विस्तृत विवरणको निम्ति एउटा सैद्धान्तिक टिप्पणी हेर्नुहोस् । ती प्रत्येकमा उचित बुँदाहरू छन् तर अहिलेको अवस्थामा कुनै एकमत छैन, तर "दक्षिणी सिद्धान्त" सबै तथ्यहरूसँग बढी मेल खान्छजस्तो देखिन्छ ।

ग. प्रेरितको पुस्तकसँग गलातीको पत्रको सम्बन्ध

१. लूकाले प्रेरितको पुस्तकमा उल्लेख गरेअनुसार, पावल पाँचपटक यरूशलेम गए:

क. ९:२६-३०, तिनी विश्वासमा आएपछि

ख. ११:३०; १२:२५, अनिकालको समयमा गैरयहूदी मण्डलीहरूबाट राहत ल्याउनको लागि ।

ग. १५:१-३०, यरूशलेम महासभा

घ. १८:२२, छोटो यात्रा

ङ. २१:१५ र पछाडि, गैरयहूदीमाझ भएको कामको अर्को व्याख्या

२. गलातीको पत्रमा यरूशलेमका दुई यात्राहरू उल्लेख गरिएका छन्:

क. १:१८, तीन वर्षपछि

ख. २:१, चौध वर्षपछि

३. प्रेरित ९:२६ गलाती १:१८ सँग सम्बन्धित हुन अत्यन्त सम्भव देखिन्छ । सम्भवतः प्रेरित ११:३० वा १५:१ र पछाडि वा अलिखित यात्रालाई गलाती २:१ मा उल्लेख गरिएको छ ।

४. प्रेरित १५ र गलाती २ का वर्णनहरूबीच केही भिन्नताहरू छन् तर सम्भवतः त्यसका कारण यी हुन्:

क. भिन्न दृष्टिकोणहरू

ख. लूका र पावलका भिन्न उद्देश्यहरू

ग. गलाती २ को घटना प्रेरित १५ मा वर्णन गरिएको सभाभन्दा केही समय अगाडि तर त्यसकै सम्बन्धमा भएको हुन सक्ने सत्यता

घ. एफ.एफ. ब्रूस र मूरे हचारिसका विचारहरूमा केही मिलान गर्दै पावलका लेखोटहरूका सम्भावित लेखन मितिहरूः

| पुस्तक | मिति | लेखिएको स्थान | प्रेरितको पुस्तकसँगको सम्बन्ध |
|---|---|---|---|
| १. गलाती | ४८ | सिरियाको एन्टिओक | १४:२८; १५:२ |
| २. १ थेसलोनिकी | ५० | कोरिन्थ | १८:५ |
| ३. २ थेसलोनिकी | ५० | कोरिन्थ | |
| ४. १ कोरिन्थी | ५५ | एफेसस | १९:२० |
| ५. २ कोरिन्थी | ५६ | म्यासिडोनिया | २०:२ |
| ६. रोमी | ५७ | कोरिन्थ | २०:३ |

७.-१०. जेलबाट लेखिएका पत्रहरू

| | | | |
|---|---|---|---|
| कलस्सी | ६० को दशकको सुरुतिर | रोम | |
| एफेसी | ६० को दशकको सुरुतिर | रोम | |
| फिलेमोन | ६० को दशकको सुरुतिर | रोम | |
| फिलिप्पी | ६२ को अन्त्य-६३ | रोम | २८:३०-३१ |

११.-१३. चौथो मिसनेरी यात्रा

| | | |
|---|---|---|
| १ तिमोथी | ६३ (वा पछि | म्यासिडोनिया |
| तीतस | ६३ तर २ तिमोथीभन्दा अगाडि | एफेसस (?) |
| २ तिमोथी | ६४ सन् ६८) | रोम |

## यो पत्र लेख्नुको उद्देश्य

क. पावलले झूटा शिक्षकहरूको सन्देशबारे तीन क्षेत्रहरूमा फिक्री देखाए । ती झूटा शिक्षकहरूलाई “यहूदी धर्मका प्रचारकहरू” भनिएको छ (सन्दर्भ २ कोरिन्थी ३) किनभने क्रिश्चियन बन्न सक्नुभन्दा पहिला यहूदी बन्नुपर्दथ्यो भनी तिनीहरूले विश्वास गर्दथे (सन्दर्भ ६:१२) । तिनका फिक्रीहरू यहूदी धर्मका प्रचारकहरूका निम्न आरोपहरूमा केन्द्रित थिए (पावलका प्रतिरक्षात्मक भनाइहरूबाट थाहा गरिएको):

१. पावल बाह्र चेलाहरूजस्तै साँचो प्रेरित थिएनन् (सन्दर्भ प्रेरित १:२१-२२); त्यसकारण तिनी तिनीहरूको अधिकारमाथि वा कम्तिमा पनि यरूशलेमको आमा मण्डलीको अधिकारमाथि निर्भर थिए ।

२. पावलको सन्देश तिनीहरूको भन्दा भिन्दै र त्यसैले झूटो थियो । योचाहिँ “व्यवस्थाबिना नै विश्वासद्वारा धर्मी ठहरिने” अवधारणासित सीधै सम्बन्धित भएको देखिन्छ । यरूशलेममा रहेका प्रेरितहरू तबसम्म पनि व्यक्तिगत जीवनमा अत्यन्त यहूदी नै थिए ।

३. कुनै न कुनै तरिकाले यी मण्डलीहरूसँग स्वेच्छाचारिताको तत्व जोडिएको थियो (सन्दर्भ ५:१८-६:८) । यसलाई ठीकसँग व्याख्या गर्ने तरिका भने विवादित नै छ । कतिपयले त पावलको पत्रमा दुईवटा लक्षित समूहहरू पनि देखेका छन्: यहूदी धर्मका प्रचारकहरू र तत्वज्ञानवादीहरू (सन्दर्भ ४:८-११) । तैपनि, यी पदहरूलाई मूर्तिपूजक व्यवहारहरूसँग जोड्नु अति उत्तम देखिन्छ । विश्वासी यहूदीहरूले विश्वासी गैरयहूदीहरूको जीवनशैलीको विषयमा फिक्री गरेका थिए । सित्तैंको अनुग्रहसम्बन्धी पावलको आमूल शिक्षाले सांसारिक मूर्तिपूजालाई कसरी व्याख्या गर्दछ र उछिन्दछ पनि ?

ख. सैद्धान्तिकरूपमा, यो पत्र पावलले रोमीहरूलाई लेखेका पत्रको अग्रदूत हो । यी दुई पत्रहरूमा पावलका मुख्य सिद्धान्तहरू दोहोरिएका तथा विभिन्न परिवेशहरूमा विकास भएका थिए र पछि एफेसीको पत्रमा सारांशित गरिएका थिए ।

ग. वास्तवमा गलातीको पत्र मोशामा गरिएको पुरानो करार र प्रभु ख्रीष्टमा गरिएको नयाँ करारबीचका भिन्नताहरूमाथि केन्द्रित छ । मानिसको कर्मको आधारमा परमेश्वरले मानिसलाई ग्रहण गर्नुहुन्छ भन्ने कुरामा पुरानो करार आधारित हुन्छ भनी रब्बीहरूले बुझेका थिए (पावलले मोशामा गरिएको करारलाई विरोध गर्दैनन्, तर यहूदी परम्पराले गरेको त्यसको गलत व्याख्या र प्रयोगको भने विरोध गर्दछन्), तर नयाँ करारचाहिँ नयाँ हृदय र नयाँ आत्मामाथि आधारित थियो (सन्दर्भ यर्मिया ३१:३१-३४; इजकिएल ३६:२२-३८) । दुवै करारहरू परमेश्वरको अनुग्रहमाथि आधारित थिए; दुवैले मानिसहरूलाई धार्मिक बनाउने लालसा गर्दछन् । तीबीचको भिन्नता भनेको त्यो धार्मिकता कसरी हासिल गरिन्छ भन्ने नै हो । यसलाई नयाँ करारमा हिब्रूको पत्रमा व्याख्या गरिएको छ ।

## छोटो रूपरेखा

क. भूमिका १:१-१०
   १. पुस्तकको साधारण परिचय
   २. पुस्तक लेखिएको अवस्था

ख. पावलले आफ्नो प्रेरितपदको बचाव गर्दछन्, १:११-२:१४

ग. पावलले आफ्नो सुसमाचारका सैद्धान्तिक सत्यताहरूको बचाउ गर्दछन्, २:१५-४:२०

घ. पावलले आफ्नो सुसमाचारका व्यावहारिक अर्थहरूको बचाउ गर्दछन्, ५:१-६:१०

ङ. व्यक्तिगत सारांश र समाप्ति, ६:११-१८
   पावलका सबै पत्रहरूमा झैं, यसमा एउटा सैद्धान्तिक खण्ड (अर्थात् अध्यायहरू १-४) र एउटा व्यावहारिक खण्ड (अर्थात् अध्यायहरू ५-६) छ ।

## पठन चक्र एक (पृष्ठ ७ हेर्नुहोस्)

यो एउटा अध्ययन निर्देशिका टिप्पणी हो, अर्थात् तपाईंले बाइबलको आफ्नै उल्था गर्नुपर्दछ । हामी सबैजना आफूसँग भएको ज्योतिमा हिँड्नुपर्दछ । तपाईं, बाइबल र पवित्र आत्माले उल्थामा महत्वपूर्ण भूमिका खेल्नुपर्दछ । तपाईंले यसको जिम्मा कुनै टिप्पणीकारलाई दिनुहुँदैन ।

त्यसकारण, बाइबलको एउटा पुस्तकलाई एकैपटकमा पढ्नुहोस् । उक्त पुस्तक सिङ्गैको मुख्य सारलाई आफ्नै शब्दमा उल्लेख गर्नुहोस् ।
१. समग्र पुस्तकको सार
२. साहित्यको प्रकार (विधा)

## पठन चक्र दुई (पृष्ठ ७ हेर्नुहोस्)

यो एउटा अध्ययन निर्देशिका टिप्पणी हो, अर्थात् तपाईंले बाइबलको आफ्नै उल्था गर्नुपर्दछ । हामी सबैजना आफूसँग भएको ज्योतिमा हिँड्नुपर्दछ । तपाईं, बाइबल र पवित्र आत्माले उल्थामा महत्वपूर्ण भूमिका खेल्नुपर्दछ । तपाईंले यसको जिम्मा कुनै टिप्पणीकारलाई दिनुहुँदैन ।

त्यसकारण, बाइबलको एउटा पुस्तकलाई एकैपटकमा पढ्नुहोस् । मुख्य विषयहरू टिप्नुहोस् र उक्त विषयलाई एउटा वाक्यमा लेख्नुहोस् ।

१. पहिलो साहित्यिक एकाइको विषय

२. दोस्रो साहित्यिक एकाइको विषय

३. तेस्रो साहित्यिक एकाइको विषय

४. चौथो साहित्यिक एकाइको विषय

५. इत्यादि

# गलाती १

## आधुनिक अनुवादहरूले गरेका अनुच्छेदहरूको विभाजन*

| UBS[4] | NKJV | NRSV | TEV | NJB |
|---|---|---|---|---|
| अभिवादन | अभिवादन | अभिवादन | अभिवादन | सम्वोधन |
| १:१-५ | १:१-५ | १:१-५ | १:१-२ | १:१-५ |
| | | | १:३ | |
| | | | १:४-५ | |
| अर्को सुसमाचार छैन | एकमात्र सुसमाचार | गलातीयाको झूटो शिक्षा | एउटा सुसमाचार | एउटा चेताउनी |
| १:६-९ | १:६-१० | १:६-१० | १:६-९ | १:६-१० |
| १:१० | | | १:१० | |
| पावल प्रेरित बनेका तरिका | प्रेरितपदको बोलावट | पावलको प्रेरितपदबारे तिनको प्रमाण | पावल प्रेरित बनेका तरिका | परमेश्वरको बोलावट |
| १:११-१२ | १:११-१७ | १:११-१२ | १:११-१२ | १:११-२४ |
| १:१३-१७ | | १:१३-१७ | १:१३-१४ | |
| | | | १:१५-१९ | |
| | यरूशलेममा सम्पर्कहरू | | | |
| १:१८-२४ | १:१८-२४ | १:१८-२४ | १:२० | |
| | | | १:२१-२४ | |

*अभिप्रेरित नभए तापनि, अनुच्छेदहरूको विभाजनले लेखकको मौलिक अभिप्राय बुझ्न तथा पछ्याउनमा महत्वपूर्ण भूमिका खेल्दछ । हरेक आधुनिक अनुवादले अध्याय १ लाई विभाजन गरेको र सारांश दिएको छ । प्रष्टरूपमा नै पदहरू १-५, ६-१०, ११-१७ र १८-२४ विचारका एकाइहरू (अनुच्छेदहरू) हुन् । हरेक अनुच्छेदको आफ्नै मुख्य विषय, सत्यता वा विचार हुन्छ । हरेक संस्करणले त्यो विषयलाई आफ्नै विशेष तरिकाले सारांशित गर्दछ । तपाईंले खण्ड पढ्नुहुँदा उक्त विषयसम्बन्धी तपाईंको ज्ञान र पद विभाजनहरू कुनचाहिँ अनुवादसँग मेल खान्छन् ?

याद गर्नुहोस्, TEV ले पदहरू १-५ लाई तीन विषयहरूमा उल्लेख गर्दछ जबकि अन्यले एकमात्र विषयमा उल्लेख गर्दछन् । पदहरू ६-१० को सवालमा पनि UBS[4] र TEV ले पद १० लाई छुट्टै विचार बनाएका याद गर्नुहोस् । साथमा सारांशका बुँदाहरू पनि फरक हुन्छन् । UBS[4], NKJV र TEV का अनुसार यसले "सुसमाचार"-लाई जनाउँदछ, तर NRSV र JB ले यो अनुच्छेदलाई एउटा "चेताउनी"-को रूपमा बुझ्दछन् र यसलाई झूटो शिक्षा भन्दछन् ।

हरेक अध्यायमा तपाईंले पहिला बाइबल पढ्नुपर्दछ र यसका विषयहरू (अनुच्छेदहरू) पत्ता लगाउने प्रयास गर्नुपर्दछ । त्यसपछि तपाईंको बुझाइलाई आधुनिक संस्करणहरूसँग तुलना गर्नुहोस् । लेखकको तर्क र प्रस्तुतिलाई पछ्याएर तिनको मौलिक अभिप्राय बुझेपछि मात्र बाइबललाई साँचोरूपमा बुझ्न सकिन्छ । मौलिक लेखकले मात्र प्रेरणा पाएका हुन् - उक्त सन्देशलाई बदल्ने वा भिन्दै रूप दिने कुनै अधिकार पाठकहरूलाई छैन । बाइबलका पाठकहरूको जिम्मेवारी भनेको त अभिप्रेरित सत्यतालाई आफ्नो जमाना र जीवनमा लागू गर्नु हो ।

**नोटः सबै प्राविधिक तथा संक्षिप्त रूपहरूलाई परिशिष्ट एक, दुई र तीनमा पूर्णरूपमा व्याख्या गरिएको छ ।**

## पठन चक्र तीन (पृष्ठ ७ हेर्नुहोस्)

*लेखकको मौलिक अभिप्रायलाई अनुच्छेद तहमा बुझ्नु*

यो एउटा अध्ययन निर्देशिका टिप्पणी हो, अर्थात् तपाईंले बाइबलको आफ्नै उल्था गर्नुपर्दछ । हामी सबैजना आफूसँग भएको ज्योतिमा हिँड्नुपर्दछ । तपाईं, बाइबल र पवित्र आत्माले उल्थामा महत्वपूर्ण भूमिका खेल्नुपर्दछ । तपाईंले यसको जिम्मा कुनै टिप्पणीकारलाई दिनुहुँदैन ।

यो अध्यायलाई एकैपटकमा पढ्नुहोस् । मुख्य विषयहरू पत्ता लगाउनुहोस् । तपाईंले गर्नुभएको विषयका विभाजनहरूलाई माथिका पाँचवटा अनुवादहरूसँग तुलना गर्नुहोस् । अनुच्छेद विभाजन अभिप्रेरित कुरा होइन तर लेखकको मौलिक अभिप्राय बुझ्न तथा पछ्याउनमा यसले महत्वपूर्ण भूमिका खेल्दछ जुन कुरा उल्थाको मुटु नै हो । हरेक अनुच्छेदमा एकमात्र विषय हुन्छ ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि ।

## सन्दर्भगत अन्तरज्ञानहरू

क. पदहरू १-५, सामान्यतया गलातीको पत्रको भूमिका, ग्रीकमा एक वाक्य हो ।

ख. धन्यवाद दिने पावलको सामान्य वाक्यांश (सन्दर्भ, रोमी, १ र २ कोरिन्थी, एफेसी, फिलिप्पी, कलस्सी, १ र २ थेस्सलोनिकी) छैन । यसले पावल र मण्डलीहरूको यो समूहबीच रहेको तनावलाई झल्काउँदछ ।

ग. पदहरू ६-१० ले सम्पूर्ण पुस्तकको ईश्वरशास्त्रीय सार प्रस्तुत गर्दछ । यी थोरै पदहरूमा पावलले पत्रभरि व्याख्या गरेका सम्पूर्ण ईश्वरशास्त्रीय तत्वहरू छन् भनेर पनि लगभग भन्न सकिन्छ ।

घ. गलाती १:११-२:२१ एउटा जीवनीगत खण्ड हो जहाँ पावलले आफ्नो प्रेरितपदको र त्यसद्वारा आफ्नो सुसमाचारको बचाउ गर्दछन् । यो २ कोरिन्थी १०-१३ सँग अत्यन्त समान छ ।

ङ. गलाती १:११-२:१४ निम्न क्षेत्रहरूमा विभाजित हुन्छः
   १. पावल यरूशलेमका प्रेरितहरूमाथि आधारित थिएनन्, १:११-२४ ।
   २. पावललाई यरूशलेमको मण्डलीले स्वीकार गरेको थियो, २:१-१० ।
   ३. पावलको समानताको उदाहरण, २:११-१४ ।

च. यो पत्रको मुख्य व्याख्या २:१५-६:१० मा छ । यसलाई निम्नानुसार विभाजन गर्न सकिन्छः
   १. पावलले आफ्नो सुसमाचारको सैद्धान्तिक सत्यताहरूको बचाउ गर्दछन्, २:१५-४:२० ।
   २. पावलले आफ्नो सुसमाचारको भावार्थको बचाउ गर्दछन्, ५:१-६:१० ।

## शब्द र वाक्यांश अध्ययन

### NASB (अद्यावधिक) खण्डः १:१-५

[1]"पावल प्रेरित (न त मानिसहरूबाट, न त मानिसद्वारा, तर येशू ख्रीष्ट र उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुहुने परमेश्वर पिताद्वारा) [2]र मसित भएका सबै भाइहरूबाट गलातियामा भएका मण्डलीहरूलाई [3]परमेश्वर पिता र हाम्रा प्रभु येशू ख्रीष्टबाट तिमीहरूलाई अनुग्रह र शान्ति । [4]परमेश्वर र हाम्रा पिताको इच्छाअनुसार यस वर्तमान दुष्ट संसारबाट हामीलाई छुटकारा दिनका लागि उहाँले आफैलाई हाम्रा पापहरूका निम्ति दिइहाल्नुभयो; [5]उहाँलाई नै सदासर्वदा महिमा भइरहोस् ! आमेन ।"

**१:१ "पावल"** टार्ससका शावललाई प्रेरित १३:९ मा सर्वप्रथम पावल भनियो । "तितरबितर" भएका अधिकांश यहूदीहरूको एउटा हिब्रू नाउँ र एउटा ग्रीक नाउँ भएको हुन सम्भव छ । त्यसो भए, शावलका बुबाआमाले तिनलाई यो नाउँ दिए तर किन प्रेरित १३ मा "पावल" अचानक देखा पर्दछ त ? सम्भवतः (१) अरूले तिनलाई यो नाउँले बोलाउन थाले वा (२) तिनले आफैलाई "सानो" वा "सबैभन्दा सानो" नाउँले जनाउन थाले । ग्रीक नाउँ पौलसको अर्थ "सानो" हो । तिनको ग्रीक नाउँको उत्पत्तिबारे धेरैवटा सिद्धान्तहरू विकास गरिएका छन् ।

१. पावल होचा, मोटा, तालुखुइले, पसांगिएको खुट्टा भएका, भ्वाप्प आँखी भौं भएका र बाहिर निस्किएको आँखा भएका थिए भन्ने दोस्रो शताब्दीको इतिहास नै सम्भवतः त्यो नाउँको श्रोत हो जुन कुरा *पावल र थेक्ला* भनिने थेस्सलोनिकाबाट आएको गैरक्यानोनी पुस्तकबाट ल्याइएको हो ।
२. पावलले आफैलाई "पवित्र जनहरूमध्ये सबैभन्दा सानो" भनेका खण्डहरू किनभने तिनले मण्डलीलाई सताए, जस्तै प्रेरित ९:१-२ मा जस्तै (सन्दर्भ, १ कोरिन्थी १५:९; एफेसी ३:८; १ तिमोथी १:१५) ।

कतिपयले यो "सानोपना"-लाई आफैले रोजेको नामको उत्पत्तिको रूपमा लिएका छन् । तैपनि, गलातीजस्तो पुस्तकमा जहाँ तिनले यरूशलेमका बाह्रजनासँगको आफ्नो स्वतन्त्रता तथा समानतालाई जोर दिएका छन्, यो विकल्प केही मात्रामा असम्भव हुन्छ (सन्दर्भ २ कोरिन्थी ११:५; १२:११; १५:१०) ।

▣ **"प्रेरित"** "प्रेरित" शब्दचाहिँ "पठाउनु" अर्थ दिने ग्रीक शब्दहरूमध्ये एउटा (*अपोस्टेलो* ) बाट आउँदछ । येशूले विशेष अर्थमा आफूसँग रहनको लागि आफ्ना चेलाहरूमध्येबाट बाह्रजनालाई चुन्नुभयो र तिनीहरूलाई "प्रेरितहरू" भन्नुभयो (सन्दर्भ मर्कूस ६:३०; लूका ६:१३) ।

पावलले फिलिप्पी, १ र २ थेस्सलोनिकी र फिलेमोनबाहेक आफ्ना सबै पत्रहरूमा आफ्नो प्रेरितपदलाई पुष्टि गरे । यो परिचयात्मक अनुच्छेद तिनका सबै पत्रहरूमा पाइने तिनको प्रेरितपदका सबैभन्दा बलिया पुष्टिहरूमध्ये एक हो किनकि ती मण्डलीहरूमा झूटा शिक्षकहरूले व्यक्तिगतरूपमा तिनीमाथि आक्रमण गरेर तिनको सुसमाचारको खण्डन गर्ने प्रयास गरेका थिए ।

### विशेष शीर्षकः पठाउनु (*अपोस्टेलो* )

योचाहिँ "पठाउनु" अर्थ दिने सामान्य ग्रीक शब्द हो । यसका विविध ईश्वरशास्त्रीय प्रयोगहरू छन्:

१. रब्बीहरूले यसलाई अर्केको आधिकारिक प्रतिनिधिको रूपमा बोलाइएको र पठाइएको व्यक्तिको रूपमा चलाए, आजको "राजदूत" जस्तै (सन्दर्भ २ कोरिन्थी ५:२०)
२. सुसमाचारका पुस्तकहरूले यो शब्दलाई येशू पिताद्वारा पठाइनुभएको कुरामा प्रायः चलाउँदछ । यूहन्नाको सुसमाचारमा उक्त शब्दले मसीहको अर्थ बोकेको छ (सन्दर्भ मत्ती १०:४०; १५:२४; मर्कूस ९:३७; लूका ९:४८ र विशेष गरी यूहन्ना ५:३६, ३८; ६:२९, ५७; ७:२९; ८:४२; १०:३६; ११:४२; १७:३, ८, १८, २१, २३, २५; २०:२१ [पद २१ मा "प्रेरित" र यसको समानार्थी *पेम्पो* दुवै चलाइएको छ]) । येशूले विश्वासीहरूलाई पठाउनुभएको अर्थमा पनि यसलाई चलाइएको छ (सन्दर्भ, यूहन्ना १७:१८; २०:२१) ।

३. नयाँ करारले यसलाई चेलाहरूको निम्ति चलाएको छ
- क. शुरुका बाह्रजना चेलाहरूको मुख्य समूह (जस्तै, मर्कूस ६:३०; लूका ६:१३; प्रेरित १:२, २६)
- ख. प्रेरितीय सहायकहरू तथा सहकर्मीहरूको विशेष समूह
  - (१) बर्नाबास (सन्दर्भ प्रेरित १४:४, १४)
  - (२) अन्ड्रोनिकस र युनियस (केजेभी, युनिया, सन्दर्भ रोमी १६:७)
  - (३) अपोल्लोस (सन्दर्भ १ कोरिन्थी ४:६-९)
  - (४) प्रभुका भाइ याकूब (सन्दर्भ गलाती १:१९)
  - (५) सिल्भानस र तिमोथी (सन्दर्भ १ थेस्सलोनिकी २:६)
  - (६) सम्भवतः तीतस (सन्दर्भ २ कोरिन्थी २:२५)
  - (७) सम्भवतः एपाफ्रोडिटस (सन्दर्भ फिलिप्पी २:२५)
- ग. मण्डलीमा अबिरल रहने दान (सन्दर्भ १ कोरिन्थी १२:२८-२९; एफेसी ४:११)

४. पावलले खीष्टका प्रतिनिधिको रूपमा परमेश्वरले तिनलाई दिनुभएको अधिकारलाई पुष्टि गर्ने तरिकाको रूपमा आफ्ना अधिकांश पत्रहरूमा आफ्नो निम्ति यो शीर्षक चलाउँदछन् (सन्दर्भ रोमी १:१; १ कोरिन्थी १:१; २ कोरिन्थी १:१; गलाती १:१; एफेसी १:१; कलस्सी १:१; १ तिमोथी १:१; २ तिमोथी १:१; तीतस १:१)।

▣

**NASB** **"न मानिसहरूबाट पठाइएको, न त मानिसको माध्यमद्वारा नै"**
**NKJV** **"मानिसहरूबाट होइन, न त मानिसद्वारा नै"**
**NRSV** **"न मानवीय आज्ञाद्वारा पठाइएको, न त मानवीय अधिकारीहरूबाट नै"**
**TEV** **"मानिसबाट वा मानिसको माध्यमद्वारा आइनँ"**
**JB** **"जसको अधिकार मानिसहरूबाट आउँदैन न उसको नियुक्ति कुनै मानव प्राणीबाट नै"**

यसले पावलका मुख्य जोरहरूमध्ये एउटालाई प्रष्ट पार्दछ, यही कि तिनको प्रेरितपद मानवीय होइन तर ईश्वरीय श्रोतबाट उत्पन्न भयो (सन्दर्भ पदहरू १२, १६)। ती झूटा शिक्षकहरूको आरोप यो थियो होला कि पावलले आफ्नो सुसमाचार निम्नबाट पाए: (१) यरूशलेममा रहेका बाह्रजना (सन्दर्भ प्रेरित ९:१९-२२); वा (२) आमा मण्डली, तर तिनलाई दिइएको यो सुसमाचारलाई तिनले चतुरतापूर्वक परिवर्तन गरेका थिए। यस विषयमा पावलले आफ्नो बचाउ गरे किनभने तिनका योग्यताहरू वा प्रतिष्ठा होइन तर सुसमाचार स्वयं नै खतरामा परेको थियो (सन्दर्भ २ कोरिन्थी १०-१३)।

▣ **"तर येशू खीष्ट र परमेश्वर पिताद्वारा"** पावलले आफ्नो प्रकाश र सुसमाचारको विषयवस्तु पुनर्जीवित हुनुभएका, महिमित हुनुभएका येशू स्वयंबाट पाए भन्ने तिनको साहसी पुष्टिलाई याद गर्नुहोस् (सन्दर्भ १:१२)। प्रेरित १:२१-२२ मा पाइने प्रेरितपदको योग्यतामा पावल नपरे तापनि प्रभुले यो विशेष कामको निम्ति (अर्थात् गैरयहूदीहरूका प्रेरित हुनको लागि) तिनलाई बोलाउनुभएको थियो भनी तिनले विश्वास गरे।

"येशू"-को अर्थ "यवेले उद्धार गर्नुहुन्छ" हो (सन्दर्भ मत्ती १:२१)। यो हिब्रू नाउँ यहोशूजस्तै हो। यो शब्दलाई नयाँ करारमा एक्लै प्रयोग गरिँदा यसले येशूको मनुष्यत्वलाई जोर दिन्छ (सन्दर्भ एफेसी ४:२१)।

"खीष्ट" चाहिँ हिब्रू शब्द मसीह वा अभिषिक्त जनसमान हो (तल हेर्नुहोस्, विशेष शीर्षकः मसीह), जसले अद्धितीयरूपमा बोलाइएका, ईश्वरीयरूपमा अभिप्रेरित, आउनुहुने जनसम्बन्धी पुरानो करारको प्रतिज्ञालाई जोर दिन्छ जसले धार्मिकताको नयाँ युग प्रवर्तन गर्नुहुनेथियो।

"येशू खीष्ट" र "परमेश्वर पिता"-लाई एउटा सम्बन्धसूचकले जोडेको छ जुनचाहिँ खीष्टको पूर्ण ईश्वरत्वलाई जोर दिने नयाँ करारका लेखकको शैली थियो। यो पद १ र पद ३ दुवैमा पाइन्छ (सन्दर्भ १ थेस्सलोनिकी १:१; ३:११; २ थेस्सलोनिकी १:२, १२; २:१६)।

परमेश्वर पिता हुनुहुन्छ, यौनिक पुस्ता वा समयगत ज्येष्ठताको अर्थमा होइन, तर यहूदी घरमा जस्तै अन्तरव्यक्तिगत सम्बन्ध तथा अगुवापनको अर्थमा।

## विशेष शीर्षक: मसीह

यो दानियल ९:६ मा मेरो टिप्पणीको नोटबाट लिइएको हो । मसीह वा अभिषिक्त जन शब्दावलीसँग जोडिएका सम्भावित अर्थहरूको कारण यो पदलाई उल्था गर्न कठिन हुन्छ (बीडीबी ६०३) ।

१. यहूदी राजाहरूको बारेमा चलाइएको (जस्तै, १ शमूएल २:१०; १२:३)
२. यहूदी पूजाहारीहरूको बारेमा चलाइएको (जस्तै, लेवी ४:३, ५)
३. साइरसको बारेमा चलाइएको (यशैया ४५:१)
४. नं. १ र नं. २ लाई भजनसंग्रह ११० र जकरिया ४ मा जोडिएको छ
५. परमेश्वरको विशेष आगमनको बारेमा चलाइएको, दाऊदको वंशका राजाले धार्मिकताको नयाँ युग प्रवर्तन गर्नुहुन्छ
    क. यहूदाको कुल (सन्दर्भ उत्पत्ति ४९:१०)
    ख. यिशैको घराना (सन्दर्भ २ शमूएल ७)
    ग. विश्वव्यापी शासन (सन्दर्भ भजनसंग्रह २; यशैया ९:६; ११:१-५; मीका ५:१-४ र अगाडि)

निम्न कारणहरूले गर्दा म व्यक्तिगतरूपमा "अभिषिक्त जन"-लाई नासरतका येशूसँग जोडिएको अति मन पराउँदछु:

१. दानियल २ अनुसार चौंथो साम्राज्यको अवधिमा अनन्त राज्यको शुरु
२. दानियल ७:१३ मा "मानिसका पुत्र"-को परिचय जसलाई अनन्त राज्य दिइयो
३. दानियल ९:२४ का छुटकारासम्बन्धी वाक्यांशहरू जसले संसारको पतित इतिहासको चरमोत्कर्षतर्फ औंल्याउँदछ
४. येशूले नयाँ करारमा दानियलको पुस्तक प्रयोग गर्नुभयो (सन्दर्भ मत्ती २४:१५; मर्कूस १३:१४)

## विशेष शीर्षक: पिता

पुरानो करारले परमेश्वरलाई पिताको रूपमा घनिष्ठ पारिवारिक अलङ्कार प्रस्तुत गर्दछ:

१. इस्राएल जातिलाई यवेका "पुत्र"-को रूपमा प्रायः व्याख्या गरिन्छ (सन्दर्भ होशे ११:१; मलाकी ३:१७)
२. अगाडि व्यवस्थाको पुस्तकमा पनि परमेश्वरलाई पिता भनेर सम्बोधन गरिएको छ (१:३१)
३. व्यवस्था ३२ मा इस्राएललाई "उहाँका सन्तान" भनिन्छ र परमेश्वरलाई "तिमीहरूका पिता" भनिन्छ ।
४. यो उपमा भजनसंग्रह १०३:१३ मा उल्लेख गरिएको र भजनसंग्रह ६८:५ मा व्याख्या गरिएको छ (अनाथहरूका पिता)
५. भविष्यवक्ताहरूका पुस्तकमा यो अति व्याप्त छ (सन्दर्भ यशैया १:२; ६३:८; इस्राएललाई पुत्रको रूपमा र परमेश्वरलाई पिताको रूपमा, ६३:१६; ६४:८; यर्मिया ३:४, १९; ३१:९) ।

येशूले अरामिक भाषा बोल्नुहुन्थ्यो, अर्थात् "पिता" चाहिँ ग्रीक *पटेर*को रूपमा देखा पर्ने धेरै स्थानहरूमा अरामिक *अब्बा*को झलक पाउन सकिन्छ (सन्दर्भ १४:३६) । यो पारिवारिक शब्दावली "बुबा" वा "बाबा"-ले पितासँगको येशूको घनिष्ठतालाई जनाउँदछ; उहाँले आफ्ना चेलाहरूलाई यो कुरा प्रकट गर्नुभएको कुराले पितासँगको हाम्रो आफ्नै घनिष्ठतालाई पनि हौस्याउँदछ । पुरानो करारमा यवेको स्थानमा "पिता" शब्द अति कम मात्रामा चलाइएको थियो, तर येशूले यसलाई बारम्बार र जताततै चलाउनुहुन्छ । योचाहिँ खीष्टद्वारा परमेश्वरसित हुने विश्वासीहरूको नयाँ सम्बन्धको मुख्य घोषणा हो (सन्दर्भ मत्ती ६:९)

▣ **"जसले उहाँलाई मरेकाहरूबाट पुनर्जीवित पार्नुभयो"** परमेश्वर पिताले नै येशूलाई मरेकाहरूबाट पुनर्जीवित पार्नुभयो भनी पावल प्रष्ट पार्दछन् । पिता र पुत्र दुवैले तिनलाई सुसमाचार दिनुभएको थियो । पावललाई त

पुनर्जीवित हुनुभएका प्रभुले बोलाउनुभएको थियो जबकि यरूशलेमका बाह्रजनाचाहिँ तबसम्म मानव शरीरमै रहनुभएका प्रभुद्वारा बोलाइएका थिए भनी पावलले जोर दिइरहेका होलान्, यद्यपि यो कुरा यस वाक्यांशको अतिशय पठन होला ।

अधिकांश खण्डहरूमा, परमेश्वर पिताले येशूलाई मरेकाहरूबाट पुनर्जीवित पार्नुभयो र त्यसरी उहाँको सेवकाइमा अनुमोदनको ईश्वरीय छाप लगाइदिनुभयो (सन्दर्भ २ कोरिन्थी ४:१४; प्रेरित २:२४; ३:१५; १०:४०; रोमी ६:४; १ पत्रुस १:२१) । रोमी ८:१७ मा पवित्र आत्मा परमेश्वरले येशूलाई मरेकाहरूबाट पुनर्जीवित पार्नुभयो । तैपनि, यूहन्ना १०:१७-१८ मा, परमेश्वर पुत्रले आफ्नो जीवन आफैले अर्पण गर्नुभएको र त्यसलाई फेरि लिनुभएको कुरा प्रष्ट पार्नुहुन्छ । यसले त्रिएकका व्यक्तिहरूको कामबीच हुने तरलतालाई देखाउँदछ ।

## विशेष शीर्षक: पुनर्जीवन

क. पुनर्जीवनको प्रमाण
1. ५० दिन पछि पेन्तिकोसको दिनमा पुनर्जीवनचाहिँ पत्रुसको प्रवचनको मुख्य विषय बनेको थियो (सन्दर्भ प्रेरित २) । त्यसो भएको क्षेत्रमा बसेका हजारौंले विश्वास गरे !
2. चेलाहरूका जीवन निराशादेखि (तिनीहरूले पुनर्जीवनको आशा गरिरहेका थिएनन्) साहस, शहादतसम्मै आमूलरूपमा परिवर्तन भए ।

ख. पुनर्जीवनको महत्व
1. येशू उहाँले जो हुँ भनी दाबी गर्नुभएको थियो उही नै हुनुहुन्थ्यो भनी देखाउँदछ (सन्दर्भ मत्ती १२:३८-४० मृत्यु र पुनर्जीवनको भविष्यवाणी)
2. परमेश्वरले येशूको जीवन, शिक्षण र प्रतिस्थापनात्मक मृत्युलाई अनुमोदन गर्नुभयो ! (सन्दर्भ रोमी ४:२५)
3. सबै क्रिश्चियनहरूलाई गरिएको प्रतिज्ञा हामीलाई देखाउँदछ (अर्थात् पुनर्जीवित शरीरहरू, सन्दर्भ १ कोरिन्थी १५)

ग. येशूले आफू मरेकाहरूबाट पुनर्जीवित हुन्छु भनी गर्नुभएका दाबीहरू
1. मत्ती १२:३८-४०; १६:२१; १७:९,२२,२३; २०:१८-१९; २६:३२; २७:६३
2. मर्कूस ८:३१; ९:१-१०, ३१; १४:२८, ५८
3. लूका ९:२२-२७
4. यूहन्ना २:१९-२२; १२:३४; अध्यायहरू १४-१६

घ. थप अध्ययन
1. जोश म्याकडोवेलद्वारा लिखित *Evidence That Demands a Verdict*
2. फ्र्याङ्क मोरिसनद्वारा लिखित *Who Moved the Stone?*
3. *The Zondervan Pictorial Encyclopedia of the Bible,* "पुनर्जीवन," "येशू ख्रीष्टको पुनर्जीवन"
4. एल. बर्खोफद्वारा लिखित *Systematic Theology,* पृष्ठ ३४६, ७२० ।

**१:२ "र मसित भएका सबै भाइहरूबाट"** पावलले आफ्ना साथीहरूको नाउँ उल्लेख नगर्नुचाहिँ बाइबलका आधुनिक विद्यार्थीहरूको निम्ति दुर्भाग्य हो किनकि त्यसले पत्र प्राप्त गर्नेहरूसम्बन्धी दुई सिद्धान्तहरूमध्ये एउटालाई पुष्टि गर्नेथियो । उत्तरी सिद्धान्त जातीय गलातीयामाथि केन्द्रित छ जबकि दक्षिणी सिद्धान्त भने रोमी प्रशासनिक प्रदेश गलातीयामाथि केन्द्रित छ । पावलले आफ्ना साथी बर्नाबास थिए (पहिलो यात्रा) कि तिमोथी र सिलास थिए (दोस्रो यात्रा) भनी उल्लेख गरेनन् । "बर्नाबास" नाउँ गलातीको पत्रमा तीनपटक देखा पर्दछ र यसले पहिलो यात्रालाई जनाउँदछ र त्यसैकारण अलि पहिलाको मितिलाई जनाउँदछ ।

पावलले यो पत्रमा “भाइहरू” शब्द प्रायः चलाउँदछन् (सन्दर्भ ३:१५; ४:१२; ५:११; ६:१८), सम्भवतः यसकारणले कि ती मण्डलीहरूलाई तिनले दिने सन्देश अति निर्दिष्ट, कडा वा विवाद गर्न तयारसमेत थियो । पावलले “भाइहरू” भनेर शुरु गरी नयाँ विषयहरू प्रायः प्रवेश गराए ।

▣ **“गलातीयामा भएका मण्डलीहरूलाई”** फेरि, यी मण्डलीहरू भएका सठीक स्थान अज्ञात नै छ । त्यो उत्तरी गलातीया हो भनी केहीले जोर दिन्छन् (सन्दर्भ १ पत्रुस १:१), र यो पत्र लेखिएको मितिलाई सन् ५० को दशकको मध्यतिर बनाउँदछन् । प्रेरित २६:६ र १८:२३ लाई पावलले यो क्षेत्रमा प्रचार गरेका थिए भन्ने प्रमाणको रूपमा उल्था गरिन्छ । अरूले गलातीयालाई रोमी प्रदेश गलातीयाको रूपमा उल्था गर्दछन् जसले प्रेरित १३ र १४ अध्यायहरूमा जनाइएको धेरै ठूलो क्षेत्रलाई समेट्दथ्यो । त्यसकारण यसले पावल र बर्नाबासको पहिलो मिसनेरी यात्रालाई जनाउँदछ । यसले उक्त पत्रको लेखन मितिलाई सन् ४० को दशकको अन्तिमतिर बनाउँदछ, तर प्रेरित १५ को यरूशलेम महासभाभन्दा ठीक अगाडि तर एकै समयमा भने होइन ।

## विशेष शीर्षकः मण्डली *(एक्लेसिया)*

यो ग्रीक शब्द *एक्लेसिया* दुईवटा शब्दहरूबाट आउँदछ, “देखि” र “बोलाइएको”, त्यसकारण यो शब्दले ईश्वरीयरूपमा बोलाइएका जनहरूलाई जनाउँदछ । प्राचीन मण्डलीले यो शब्दलाई सांसारिक प्रयोगबाट लियो (सन्दर्भ प्रेरित १९:३२, ३९, ४१) र सेप्टुआगिन्टले यो शब्दलाई इस्राएलको “झुण्ड”-लाई जनाउनको निम्ति प्रयोग गर्दछन् (*कहाल*, बीडीबी ८७४, सन्दर्भ गन्ती १६:३; २०:४) । तिनीहरूले परमेश्वरको पुरानो करारका जनहरूको निरन्तरताको रूपमा आफ्नै निम्ति चलाए । तिनीहरू नयाँ इस्राएल थिए (सन्दर्भ रोमी २:२८-२९; गलाती ६:१६; १ पत्रुस २:५, ९; प्रकाश १:६), परमेश्वरको विश्वव्यापी मिसनको पूर्णता (सन्दर्भ उत्पत्ति ३:१५; १२:३; प्रस्थान १९:५-६; मत्ती २८:१८-२०; लूका २४:४७; प्रेरित १:८) ।

सुसमाचारका पुस्तकहरू र प्रेरितको पुस्तकमा यो शब्दलाई धेरै अर्थमा चलाइएको छ ।

१. सांसारिक नगरसभा, प्रेरित १९:३२, ३९, ४१
२. खीष्टमा परमेश्वरका विश्वव्यापी जनहरू, मत्ती १६:१८ र एफेसी
३. खीष्टमा विश्वासीहरूको स्थानीय झुण्ड, मत्ती १८:१७; प्रेरित ५:११ (यी पदहरूमा यरूशलेमको मण्डली)
४. सामूहिकरूपमा इस्राएलीहरू, प्रेरित ७:३८, स्तिफनसको प्रवचन
५. कुनै क्षेत्रमा रहेका परमेश्वरका जनहरू, प्रेरित ८:३ (यहूदा वा प्यालेस्टाइन)

**१:३ “तिमीहरूलाई अनुग्रह र शान्ति”** पत्रमा लेखिने सामान्य ग्रीक अभिवादनको शब्दचाहिँ *केरिन* थियो । पावलले यसलाई उस्तै सुनिने क्रिश्चियन शब्द *केरिस* वा अनुग्रहमा परिवर्तन गरिदिए । पावलले ग्रीक अभिवादन “अनुग्रह”-लाई हिब्रू अभिवादन “शान्ति” (शालोम)-सँग जोडिदिए भनी धेरैले सुझाव दिएका छन् । यो एउटा आकर्षक सिद्धान्त भए तापनि, यो विशेष गरी पावलको परिचयात्मक वाक्यांशको अतिशय पठन होला । ईश्वरशास्त्रीयरूपमा शान्तिभन्दा अनुग्रह नै पहिला आउने कुरा याद गर्नु रोचक हुन्छ ।

▣ “प्रभु” ग्रीक शब्द *कुरिओस*को अर्थ हिब्रू शब्द *अदोन*को जस्तै हुन्छ । दुवैलाई “महोदय,” “गुरुज्यू,” “मालिक,” “पति,” वा “प्रभु” को अर्थमा प्रयोग गरिन्थ्यो (सन्दर्भ उत्पत्ति २४:९; प्रस्थान २१:४; २ शमूएल २:७; र मत्ती ६:२४; यूहन्ना ४:११; ९:३६) । तैपनि, यसले येशूलाई परमेश्वरले पठाउनुभएका जन, मसीहको रूपमा पनि जनायो (सन्दर्भ यूहन्ना ९:३८) ।

पुरानो करारले गर्ने यो शब्दको प्रयोग परमेश्वरको करारको नाउँ यवे उच्चारण गर्न पछि आएर यहूदी धर्ममा देखाइएको अनिच्छाबाट आउँदछ जुनचाहिँ हिब्रू क्रियापद “हुनु” हो (सन्दर्भ प्रस्थान ३:१४) । तिनीहरू दश आज्ञाहरूमध्ये एउटा भंग गरिन्छ कि भनी डराउँदथे, “तिमीले परमप्रभु आफ्ना परमेश्वरको नाउँ व्यर्थैमा

नलिनू" । त्यसकारण, तिनीहरूले यो उच्चारण नै नगरेमा यसलाई व्यर्थैमा लिन सक्दैनथे भनी सोचे । त्यसैले तिनीहरूले त्यसको सट्टामा हिब्रू *अदोन* (प्रभु) चलाए जसको अर्थ ग्रीक शब्द *कुरिओस* (प्रभु)-को जस्तै हुन्छ । नयाँ करारका लेखकहरूले ख्रीष्टको पूर्ण ईश्वरत्वलाई जनाउन यो शब्द प्रयोग गरे । "येशू प्रभु हुनुहुन्छ" वाक्यांशचाहिँ विश्वासलाई सार्वजनिकरूपमा व्यक्त गर्ने र बप्तिस्मा दिने प्राचीन मण्डलीको सुत्र थियो (सन्दर्भ रोमी १०:९-१४) ।

यवे

१. यो त्यो नाउँ हो जसले ईश्वरत्वलाई करार बाँध्नुहुने परमेश्वरको रूपमा जनाउँदछ; परमेश्वर उद्धारकर्त्ता, मुक्तिदाता हुनुहुन्छ ! मानिसहरूले करारहरू भङ्ग गर्दछन्, तर परमेश्वर भने आफ्नो वचन, प्रतिज्ञा, करारप्रति वफादार हुनुहुन्छ (सन्दर्भ भजनसंग्रह १०३) ।

   यो नाउँलाई सर्वप्रथम उत्पत्ति २:४ मा *इलोहिम*को साथमा उल्लेख गरिएको छ । उत्पत्ति १-२ मा सृष्टिका दुईवटा वर्णनहरू छैनन्, तर दुई प्रष्टीकरणहरू छन्: (१) संसार (भौतिक)-का सृष्टिकर्त्ताको रूपमा परमेश्वर (अर्थात् इलोहिम) र (२) मानवजातिका विशेष सृष्टिकर्त्ताको रूपमा परमेश्वर (अर्थात् यवे) । उत्पत्ति २:४ ले मानवजातिको विशिष्ट ओहोदा र उद्देश्यसम्बन्धी विशेष प्रकाशको साथसाथै उक्त अद्वितीय ओहोदासँग जोडिएको पाप र विद्रोहको समस्या पनि शुरु गर्दछ ।

२. उत्पत्ति ४:२६ मा यसो भनिएको छ, "*मानिसहरूले* परमप्रभु (यवे)-को नाम पुकार्न शुरु गरे" । तैपनि, प्रस्थान ६:३ अनुसार प्राचीन करारका मानिसहरू (कुलपतिहरू र परिवारहरू)-ले परमेश्वरलाई एल-शद्दाईको रूपमा मात्र चिन्दथे । यवे नाउँलाई प्रस्थान ३:१३-१६, विशेष गरी पद १४ मा एकपटक मात्र उल्लेख गरिएको छ । तैपनि, मोशाका लेखहरूले शब्दहरूलाई ऐतिहासिक तथा मौलिक अर्थमा नभई चलनचल्तीको अर्थमा प्राय: उल्था गर्दछन् (सन्दर्भ उत्पत्ति १७:५; २७:३६; २९:१३-३५) । यो नाउँको अर्थको सम्बन्धमा धेरैवटा सिद्धान्तहरू उत्पन्न भएका छन् (IDB, पुस्तक २, पृष्ठ ४०९-११ बाट लिइएको) ।

   क. अरबी मूलशब्द "उत्कट प्रेम देखाउन"-बाट

   ख. अरबी मूलशब्द "उडाउनु"-बाट (यवेचाहिँ आँधी जस्ता परमेश्वरको रूपमा)

   ग. उगार्टिक (कनानी) मूलशब्द "बोल्नु"-बाट

   घ. फोएनिसियाली शीर्षकबाट, जुन कारक क्रियापदको अर्थ हुन्छ, "जीवित राख्नुहुने परमेश्वर" वा "स्थापना गर्नुहुने परमेश्वर"

   ङ. हिब्रू *काल* स्वरूपबाट जसको अर्थ हुन्छ, "परमेश्वर जो हुनुहुन्छ" वा "उपस्थित हुनुहुने परमेश्वर" (भविष्यत् अर्थमा, "परमेश्वर जो हुनुहुनेछ")

   च. हिब्रू *हाइफिल* स्वरूपबाट जसको अर्थ हुन्छ, "हुन ल्याउनुहुने परमेश्वर"

   छ. हिब्रू मूलशब्द "जिउनु"-बाट (जस्तै, उत्पत्ति ३:२०), जसको अर्थ हुन्छ, "अमर, एकमात्र जीवित परमेश्वर"

   ज. प्रस्थान ३:१३-१६ को सन्दर्भबाट, सिद्ध अर्थमा गरिएको असिद्ध स्वरूपको प्रयोग, "म जे थिएँ सो भइरहनेछु" वा "म जे सदैव भइआएको छु सो म भइरहनेछु" (सन्दर्भ जे. वाश वाट्स, *A Survey of Syntax in the Old Testament,* पृष्ठ ६७)

   पूरा नाउँ यवेलाई प्राय: संक्षिप्तरूपमा वा सम्भवत: मौलिक स्वरूपमा व्यक्त गरिन्छ

   (१) *याह* (जस्तै, हलेलू - याह)

   (२) *याहु* (नाउँहरू, जस्तै यशैयामा रहेको "या"

   (३) *यो* (नाउँहरू, जस्तै योएल)

३. *एल*सँग झैं, प्राय: यवेलाई इस्राएलका करारका परमेश्वरका निश्चित चरित्रहरूलाई प्रष्ट पार्नको लागि अन्य स्वरूपहरूसँग जोडिन्छ । सम्भावित संयोजनका स्वरूपहरू धेरै भए तापनि यहाँ केही दिइएका छन्:

   क. यवे - *यिरे* (यवेले जुटाउनुहुनेछ), उत्पत्ति २२:१४

   ख. यवे - *रोफिखा* (यवे चंगाइकर्त्ता हुनुहुन्छ), प्रस्थान १५:२६

ग. यवे - *निस्सी* (यवे मेरो झण्डा हुनुहुन्छ), प्रस्थान १७:१५
घ. यवे - *मिकाद्दिश्केम* (पवित्र पार्नुहुने यवे), प्रस्थान ३१:१३
ङ. यवे - *शालोम* (यवे शान्ति हुनुहुन्छ), न्यायकर्त्ता ६:२४
च. यवे - *शबाओथ* (सेनाहरूका यवे), १ शमूएल १:३,११; ४:४; १५:२; प्रायः भविष्यवक्ताहरूका पुस्तकमा)
छ. यवे - *रोइ* (यवे मेरा गोठाला हुनुहुन्छ), भजनसंग्रह २३:१
ज. यवे - *सिद्केनु* (यवे हाम्रो धार्मिकता हुनुहुन्छ), यर्मिया २३:६
झ. यवे - *शम्माह* (यवे त्यहाँ हुनुहुन्छ), इजिकिएल ४८:३५

**१:४** वाक्यांशहरूको यो श्रृंखलाले पावलको सुसमाचारको सन्देशका तीन मुख्य पक्षहरूलाई प्रष्टचाउँदछन् । नासरतका येशूको व्यक्तित्व र कामको केन्द्रियता देखाउनको लागि पावलले परिचयलाई लामो पारे । ती तीन पक्षहरू यी हुन्:

१. हाम्रो तर्फबाट उहाँले भोग्नुभएको प्रतिस्थापनात्मक मृत्यु (सन्दर्भ रोमी ४:२५; ५:६, ८; १ कोरिन्थी १५:३; २ कोरिन्थी ५:१४, २१)
२. उहाँले गराउनुभएको नयाँ मसीहको युगको शुरुआत – यो एउटा एओरिस्ट क्रियापदको मध्यम रूप हो जसको अर्थ हुन्छः यो वर्तमान दुष्ट युगदेखि "उहाँ स्वयंले सधैंको निम्ति एकैपटकमा हामीलाई निकाल्नुभयो"
३. उहाँको मिसन परमेश्वरको मुख्य, छुटकारा दिने योजनाप्रतिको आज्ञाकारीतामा आधारित थियो । उहाँ मर्नको लागि आउनुभयो (सन्दर्भ उत्पत्ति ३:१५; यशैया ५३:४, १०; मर्कूस १०:४५; यूहन्ना ३:१६; प्रेरित २:२२-२३; ४:२७-२८; २ कोरिन्थी ५:२१; २ तिमोथी १:९; १ पत्रुस १:२०; र प्रकाश १३:८) । विशेष शीर्षक हेर्नुहोस्: गलाती १:७ मा बबका इभान्जेलिकल झुकाउहरू ।

"दुष्ट"-लाई बलियो स्थानमा राखिएको छ जसले यो विचार प्रवाह गर्दछ कि "यो एउटा दुष्ट, अधर्मी युग हो" (सन्दर्भ यूहन्ना १२:३१; २ कोरिन्थी ४:४; एफेसी २:२-७) । दुई यहूदी युगहरूको अवधारणा – वर्तमान दुष्ट युग र आउनेवाला युग, जसलाई परमेश्वरका मसीहले सुरु गराउनुहुनेछ – मत्ती १२:३२; १३:३९; २८:२० मा र नयाँ करारका अन्य खण्डहरूमा देख्न सकिन्छ । येशूले नयाँ युग शुरु गराउनुभएको भए तापनि यो अझै पूर्णरूपमा सिद्ध भएको छैन ।

▣ **"उहाँले आफैलाई हाम्रा पापहरूका निम्ति दिइहाल्नुभयो"** "उपहार" शब्द परमेश्वरले पापी मानवजातितर्फ सित्तैंको अनुग्रह प्रदान गर्नको निम्ति गर्नुभएको पहलको उपमा हो ।

१. येशूले आफैलाई दिनुभयो, सन्दर्भ मत्ती २०:२८; लूका २२:१९; गलाती १:४; १ तिमोथी २:६
२. संसारको उद्धार गरियोस् भनेर परमेश्वरले आफ्ना पुत्र दिनुभयो, सन्दर्भ यूहन्ना ३:१६; १ यूहन्ना ४:१०
३. येशू परमेश्वरको उपहार हुनुहुन्छ, सन्दर्भ यूहन्ना ४:१०; रोमी ५:१५; २ कोरिन्थी ९:१५
४. खीष्टमाथिको विश्वासद्वारा अनुग्रहले धर्मी ठहरिनुचाहिँ परमेश्वरको उपहार हो, सन्दर्भ रोमी ३:२४; एफेसी २:८

▣

**NASB, NIV** **"हामीलाई उद्धार गर्न"**
**NKJV** **"हामीलाई छुटाउन"**
**NRSV** **"हामीलाई मुक्त पार्न"**
**TEV** **"हामीलाई छुटाउनको लागि"**
**NJB** **"हामीलाई स्वतन्त्र पार्नको लागि"**

यो एउटा एओरिस्ट मध्यम सम्भावनासूचक शब्द हो । प्रेरित ७:१०, ३४ मा प्रस्थानको पुस्तकको विषयमा यसको प्रयोग गरिएको छ । येशू नयाँ मोशा/नयाँ प्रस्थान हुनुहुन्छ ! गलातीको सन्दर्भमा कुरा गर्दा यसको अर्थ

हुन्छः खीष्टको मृत्युले विश्वासीहरूलाई पापको क्षमादान दिलाउँछ (सन्दर्भ यशैया ५३), सम्भवतः सबै मानिसहरूलाई । पापी मानवजातिको उद्धार गरियोस् भन्ने परमेश्वरको इच्छा हो (सन्दर्भ यूहन्ना ३:१६; १ तिमोथी २:४; २ पत्रुस ३:९) ।

▣ **"यो वर्तमान दुष्ट युग"** तल दिइएको विशेष शीर्षक हेर्नुहोस् ।

## विशेष शीर्षकः यो युग र आउनेवाला युग

पुरानो करारका भविष्यवक्ताहरूले भविष्यलाई वर्तमानको विस्तारको रूपमा हेरे । तिनीहरूका लागि भविष्यचाहिँ भौगोलिक इस्राएलको पुनर्स्थापना हुनेछ । तैपनि, तिनीहरूले पनि यसलाई एउटा नयाँ दिनको रूपमा हेरे (सन्दर्भ यशैया ६५:१७; ६६:२२) । अब्राहामका सन्तानले हठपूर्वक यवेलाई निरन्तर अस्वीकार गरेका हुनाले (प्रवासको समयपछि समेत) करारहरूबीचका समयान्तशास्त्रीय यहूदी पुस्तकहरूमा (१ हनोक, ४ एज्रा, २ बारुक) एउटा नयाँ दृष्टान्त विकास भयो । यी लेखोटहरूले दुई युगहरूबीच भिन्नता छुटचाउन शुरु गर्दछन्: शैतानले अधीनता गर्ने एउटा वर्तमान दुष्ट युग र पवित्र आत्माद्वारा अधीन गरिने तथा मसीहद्वारा (प्रायः शक्तिशाली योद्धा) शुरु गरिने धार्मिकताको आउनेवाला युग ।

ईश्वरशास्त्रको यो क्षेत्रमा (समयान्तशास्त्र) एउटा प्रष्ट व्याख्या देखिन्छ । ईश्वरशास्त्रीहरूले यसलाई "क्रमिक प्रकाश" भन्दछन् । नयाँ करारले दुई युगहरूको यो नयाँ स्वर्गीय वास्तविकता (अर्थात् क्षणिक द्वैधवाद)-लाई पुष्टि गर्दछ ।

| **येशू** | **पावल** | **हिब्रू** |
|---|---|---|
| मत्ती १२:३२ | रोमी १२:२ | १:२ |
| मर्कूस १०:३० | १ कोरिन्थी १:२०; २:६, ८; ३:१८ | ६:५ |
| लूका १६:८ | २ कोरिन्थी ४:४ | ११:३ |
| लूका १८:३० | गलाती १:४ | |
| लूका २०:३४-३५ | एफेसी १:२१; २:२, ७; ६:१२ | |
| | १ तिमोथी ६:१७ | |
| | २ तिमोथी ४:१० | |
| | तीतस २:१२ | |

नयाँ करारको ईश्वरशास्त्रमा मसीहका दुई आगमनहरूका अप्रत्याशित तथा बेवास्ता गरिएका भविष्यवाणीहरूका कारण यी दुई यहूदी युगहरू आपसमा खप्टिएका छन् । येशूको मानवरूप धारणले नयाँ युगको शुरुआतसम्बन्धी पुराना करारका अधिकांश भविष्यवाणीहरू पूरा गऱ्यो (दानियल २:४४-४५) । तैपनि, पुरानो करारले उहाँको आगमनलाई न्यायकर्त्ता र विजेताको रूपमा पनि देखेको थियो, तैपनि उहाँ शुरुमा भने कष्ट भोग्ने दासको रूपमा (सन्दर्भ यशैया ५३; जकरिया १२:१०) आउनुभयो जो नम्र र दीन हुनुहुन्थ्यो । उहाँ पुरानो करारले भविष्यवाणी गरेअनुसार नै सामर्थ्यसहित पुनः आउनुहुनेछ (सन्दर्भ प्रकाश १९) । यो दुई तहको पूर्णताले उक्त राज्यलाई वर्तमानको (शुरु गरिएको), तर भविष्यको (पूर्णरूपमा सिद्ध नभएको) बनाइदियो । यही नै पहिला नै भएको तर अझैसम्म नभएको भन्ने नयाँ करारको तनाव हो ।

▣ **"हाम्रा परमेश्वर र पिताको इच्छाअनुसार"** तल दिइएको विशेष शीर्षक हेर्नुहोस् ।

## विशेष शीर्षकः परमेश्वरको इच्छा (*थिलेमा*)

### यूहन्नाको सुसमाचार

- येशू पिताको इच्छा पूरा गर्न आउनुभयो (सन्दर्भ ४:३४; ५:३०; ६:३८)
- पिताले पुत्रलाई दिनुभएका जति सबैलाई अन्तिम दिनमा पुनर्जीवित पार्नको लागि (सन्दर्भ ६:३९)
- ताकि सबैले पुत्रमा विश्वास गरून् (सन्दर्भ ६:२९, ४०)
- परमेश्वरको इच्छा पूरा गर्ने सम्बन्धी प्रार्थनाको जवाफ आयो (सन्दर्भ ९:३१; १ यूहन्ना ५:१४)

**सादृश्य सुसमाचारका पुस्तकहरू**

- परमेश्वरको इच्छा पूरा गर्नु महत्वपूर्ण कुरा हो (सन्दर्भ मत्ती ७:२१)
- परमेश्वरको इच्छा पूरा गर्नुले हामीलाई येशूका भाइ र बहिनी बनाइदिन्छ (सन्दर्भ मत्ती १२:५०; मर्कूस ३:३५)
- जो कोही नाश होस् भन्ने परमेश्वरको इच्छा होइन (सन्दर्भ मत्ती १८:१४; १ तिमोथी २:४; २ पत्रुस ३:९)
- कलभरीचाहिँ परमेश्वरले येशूमा राख्नुभएको इच्छा थियो (सन्दर्भ मत्ती २६:४२; लूका २२:४२)

**पावलका पत्रहरू**

- सबै विश्वासीहरूको परिपक्वता र सेवा (सन्दर्भ रोमी १२:१-२)
- विश्वासीहरू यो दुष्ट युगदेखि मुक्त पारिएका (सन्दर्भ गलाती १:४)
- परमेश्वरको इच्छा नै उहाँको छुटकारा दिने योजना थियो (सन्दर्भ एफेसी १:५, ९, ११)
- विश्वासीहरूले आत्माले भरपूर जीवन अनुभव गरिरहेका र जिइरहेका (सन्दर्भ एफेसी ५:१७-१८)
- विश्वासीहरू परमेश्वरको ज्ञानले भरिएका (सन्दर्भ कलस्सी १:९)
- विश्वासीहरू पूर्ण र सिद्ध तुल्याइएका (सन्दर्भ कलस्सी ४:१२)
- विश्वासीहरू पवित्र पारिएका (सन्दर्भ १ थेस्सलोनिकी ४:३)
- विश्वासीहरूले सबै कुरामा धन्यवाद दिएका (सन्दर्भ १ थेस्सलोनिकी ५:१८)

**पत्रुसका पत्रहरू**

- विश्वासीहरूले उचित काम गरेका (अर्थात्, सार्वजनिक अधिकारीहरूको अधीनतामा रहेका) र त्यसो गरेर मूर्खहरूलाई चूप लगाई सुसमाचार प्रचारको मौका जुटाएका (सन्दर्भ १ पत्रुस २:१५)
- विश्वासीहरूले कष्ट भोगेका (सन्दर्भ १ पत्रुस ३:१७; ४:१९)
- विश्वासीहरूले स्वार्थी जीवन नजिएका (सन्दर्भ १ पत्रुस ४:२)

**यूहन्नाका पत्रहरू**

- विश्वासीहरू सधैंभरि रहिरहन्छन् (सन्दर्भ १ यूहन्ना २:१७)
- विश्वासीहरू प्रार्थनाको जवाफ ल्याउने मुख्य माध्यम (सन्दर्भ १ यूहन्ना ५:१४)

**१:५ "उहाँलाई नै सदासर्वदा महिमा भइरहोस् ! आमेन ।"** पावलको विशेषता नै भएको यो स्तुति वाक्यांश परमेश्वरको वैभवको कारण यस खण्डमा अचानक देखा पर्दछ । पावलका लेखहरूमा पाइने सर्वनामहरूले प्राय: अगाडिका अनेकार्थी नामहरूलाई जनाउँदछन् । अधिकांश समयमा, यस्ता अवस्थाहरूमा पुरुषवाचक एकवचन सर्वनामहरूले परमेश्वर पितालाई जनाउँदछन् ।

▣ **"महिमा"** पुरानो करारमा "महिमा" अर्थ दिने सबैभन्दा सामान्य हिब्रू शब्द (*काबोद,* बीडीबी २१७) मौलिकरूपमा एउटा व्यावसायिक शब्द हो (जसले तराजुको प्रयोगलाई जनाउँदथ्यो) जसको अर्थ हुन्थ्यो, "गह्रौं हुनु" । गह्रौं चीज मूल्यवान् हुन्थ्यो र त्यसको भित्री महत्व हुन्थ्यो । परमेश्वरको वैभवलाई व्यक्त गर्न यो शब्दमा प्राय: चमकको अवधारणा (उजाडस्थानमा भौंतारिने बेलामा महिमाको *शेकिनाह* बादल) थपिएको थियो । उहाँ मात्र योग्य र आदरणीय हुनुहुन्छ । पतित मानवजातिले हेर्नै नसक्ने गरी उहाँ अति चहकिलो हुनुहुन्छ । परमेश्वरलाई त खीष्टद्वारा मात्र साँचोरूपमा जान्न सकिन्छ (सन्दर्भ यर्मिया १:४; मत्ती १७:२; हिब्रू १:३; याकूब २:१) ।

"महिमा" शब्द केही मात्रामा अनेकार्थी छ:

१. यो "परमेश्वरको धार्मिकता"-सँग समान हुन सक्दछ ।

२. यसले परमेश्वरको "पवित्रता" वा "सिद्धता"-लाई जनाउन सक्दछ ।

३. यसले परमेश्वरको त्यो स्वरूपलाई जनाउन सक्दछ जुन स्वरूपमा मावनजाति सृष्टि गरिएको थियो (सन्दर्भ उत्पत्ति १:२६-२७; ५:१; ९:६), तर त्यो पछि हठी अनाज्ञाकारिताद्वारा बिगारियो (सन्दर्भ उत्पत्ति ३:१-२२) ।

## विशेष शीर्षक: महिमा (*डोक्सा*)

"महिमा"-को बाइबलीय अवधारणालाई परिभाषित गर्न कठिन छ । विश्वासीहरूको महिमा यो हो कि तिनीहरूले आफैमा होइन तर परमेश्वरमा हुने महिमा र सुसमाचारलाई बुझ्दछन् (सन्दर्भ १:२९-३१; यर्मिया ९:२३-२४) ।

पुरानो करारमा "महिमा" अर्थ दिने सबैभन्दा सामान्य हिब्रू शब्द (*काबोद,* बीडीबी २१७) मौलिकरूपमा तराजुसम्बन्धी एउटा व्यावसायिक शब्द ("गह्रौं हुनु") थियो । गह्रौं चीज मूल्यवान् हुन्थ्यो र त्यसको भित्री महत्व हुन्थ्यो । परमेश्वरको वैभवलाई व्यक्त गर्न यो शब्दमा प्रायः चमकको अवधारणा थपिएको थियो (सन्दर्भ प्रस्थान १९:१६-१८; २४:१७; यशैया ६०:१-२) । उहाँ मात्र योग्य र आदरणीय हुनुहुन्छ । पतित मानवजातिले हेर्नै नसक्ने गरी उहाँ अति चहकिलो हुनुहुन्छ (सन्दर्भ प्रस्थान ३३:१७-२३; यशैया ६:५) । यवेलाई त ख्रीष्टद्वारा मात्र साँचोरूपमा जान्न सकिन्छ (सन्दर्भ यूहन्ना १२:४५; १४:८-११; कलस्सी १:१५; हिब्रू १:३) । "महिमा" शब्द केही मात्रामा अनेकार्थी छ ।

१. यो "परमेश्वरको धार्मिकता"-सँग समान हुन सक्दछ ।
२. यसले परमेश्वरको "पवित्रता" वा "सिद्धता"-लाई जनाउन सक्दछ ।
३. यसले परमेश्वरको त्यो स्वरूपलाई जनाउन सक्दछ जुन स्वरूपमा मावनजाति सृष्टि गरिएको थियो (सन्दर्भ उत्पत्ति १:२६-२७; ५:१; ९:६), तर त्यो पछि हठी अनाज्ञाकारिताद्वारा बिगारियो (सन्दर्भ उत्पत्ति ३:१-२१) । प्रस्थान १६:७, १०; लेवी ९:२३; र गन्ती १४:१० मा यवेका जनहरू उजाडस्थानमा भौंतारिएका समयमा तिनीहरूको माझमा भएको उहाँको उपस्थितिलाई जनाउन यो शब्दलाई पहिलोपटक चलाइएको थियो ।

▣ **"सदासर्वदा"** शाब्दिकरूपमा "युगौंयुगसम्म" ।

## विशेष शीर्षक: सदासर्वदा (ग्रीक वाक्पद्धति)

एउटा ग्रीक वाक्पद्धतिको वाक्यांश हो: "युगौंसम्म" (सन्दर्भ लूका १:३३; रोमी १:२५; ११:३६; १६:२७; गलाती १:५; १ तिमोथी १:१७), जसले हिब्रू शब्द *ओलाम*को अर्थ झल्काउन सक्दछ । रोबर्ट बी. गर्डलस्टोन, *Synonyms of the Old Temtament,* पृष्ठ ३१९-३२१, र पुरानो करारको विशेष शीर्षक: सदासर्वदा (*ओलाम*) हेर्नुहोस् । अन्य सम्बन्धित वाक्यांशहरू यी हुन्: "युगसम्म" (सन्दर्भ मत्ती २१:१९ [मर्कूस ११:१४]; लूका १:५५; यूहन्ना ६:५८; ८:३५; १२:३४; १३:८; १४:१६; २ कोरिन्थी ९:९) र "युगौंयुगको" (एफेसी ३:२१) । "सदासर्वदा" अर्थ दिने यी ग्रीक वाक्पद्धतिहरूबीच कुनै भिन्नता छ जस्तो देखिँदैन । रब्बीहरूको व्याकरणीय संरचनाको साङ्केतिक अर्थमा "युगहरू" शब्द बहुवचन होला जुन संरचनालाई "वैभवको बहुवचन" भनिन्छ वा "दुष्टताको युग," "आउनेवाला युग," वा "धार्मिकताको युग"-को यहूदी अर्थमा यसले धेरैवटा "युगहरू" को अवधारणालाई जनाउला ।

▣ **"आमेन"** योचाहिँ पुरानो करारको "विश्वास" अर्थ दिने हिब्रू शब्दको एउटा स्वरूप हो (*इमिथ,* सन्दर्भ हबक्कूक २:४, गलाती ३:६ को विशेष शीर्षक हेर्नुहोस्) । यसको मौलिक शब्दरचनाचाहिँ यो थियो: "दृढ वा निश्चित हुनु" । तैपनि, यसको परिभाषाचाहिँ पुष्टि हुनुपर्ने अर्थमा परिवर्तन भयो (सन्दर्भ २ कोरिन्थी १:२०) । उपमाको रूपमा यसलाई विश्वासयोग्य, वफादार, अटल, भरोसायोग्य व्यक्तिलाई जनाउनको लागि प्रयोग

गरिन्थ्यो (सन्दर्भ रोबर्ट बी. गर्डलस्टोन, *Synonyms of the Old Testament,* पृष्ठ १०२-१०६) । यहाँ यसले परमेश्वर पिताको स्तुतिको अन्त्यको रूपमा काम गर्दछ (सन्दर्भ रोमी १:२५; ९:५; ११:३६; १६:२७; एफेसी ३:२१; फिलिप्पी ४:२०) ।

## विशेष शीर्षकः आमेन

अ. पुरानो करार

क. "आमेन" शब्द निम्न अर्थ दिने हिब्रू शब्दबाट आएको होः

१. "सत्यता" (*इमिथ,* बीडीबी ४९)

२. "सत्यवादिता" (*इमुन, इमुनाह,* बीडीबी ५३)

३. "विश्वास" वा "विश्वासयोग्यता"

४. "भरोसा" (*डिमन,* बीडीबी ५२)

ख. यसको शब्दरचना कुनै व्यक्तिको स्थिर शारीरिक अवस्थाबाट आएको हो । यसको विपरीतचाहिँ त्यो व्यक्ति हुन्छ जो अस्थिर, चिप्लने हुन्छ (सन्दर्भ भजनसंग्रह ३५:६; ४०:२; ७३:१८; यर्मिया २३:१२) वा ठेस खाने हुन्छ (सन्दर्भ भजनसंग्रह ७३:२) । यही शाब्दिक प्रयोगबाट नै विश्वासयोग्य, भरोसायोग्य, वफादार र निर्भरयोग्य जस्ता उपमागत विस्तृत रूपहरू विकास भए (सन्दर्भ उत्पत्ति १५:६; हबक्कूक २:४) ।

ग. विशेष प्रयोगहरू

१. खाँबो, २ राजा १८:१६ (१ तिमोथी ३:१५)

२. निश्चयता, प्रस्थान १७:१२

३. अटलता, प्रस्थान १७:१२

४. स्थिरता, यशैया ३३:६

५. सत्य, १ राजा १०:६; १७:२४; २२:१६; हितोपदेश १२:२२

६. दृढ, २ कोरिन्थी २०:२०; यशैया ७:९

७. भरपर्दो (तोरह), भजनसंग्रह ११९:४३, १४२, १५१, १६०

घ. पुरानो करारमा सक्रिय विश्वासलाई जनाउन अन्य दुई हिब्रू शब्दहरू चलाइएका छन् ।

१. *बथाक* (बीडीबी १०५), भरोसा

२. *वाइरा* (बीडीबी ४३१), डर, आदर, आराधना (सन्दर्भ उत्पत्ति २२:१२)

ङ. सत्यता वा सत्यवादिताको अर्थबाट मण्डलीमा एउटा प्रयोग विकास भयो जसलाई अर्कोको सत्य वा भरोसायोग्य भनाइलाई पुष्टि गर्नको लागि प्रयोग गरिन्थ्यो (सन्दर्भ व्यवस्था २७:१५-२६; नहेम्याह ८:६; भजनसंग्रह ४१:१३; ७२:१९; ८९:५२; १०६:४८) ।

च. यो शब्दको ईश्वरशास्त्रीय मुख्य अर्थ मानवजातिको विश्वासयोग्यता होइन, तर यवेको विश्वासयोग्यता हो (सन्दर्भ प्रस्थान ३४:६; व्यवस्था ३२:४; भजनसंग्रह १०८:४; ११५:१; ११७:२; १३८:२) । पतित मानवजातिको एकमात्र आशा यवे र उहाँका प्रतिज्ञाहरूको कृपालु विश्वासयोग्य करारको वफादारिता हो । यवेलाई जान्नेहरू उहाँजस्तै हुनुपर्दछ (सन्दर्भ हबक्कूक २:४) । बाइबलचाहिँ परमेश्वरले आफ्नो स्वरूप मानवजातिमा पुनर्स्थापना गर्नुहुने कार्यको इतिहास र अभिलेख हो (सन्दर्भ उत्पत्ति १:२६-२७) । मुक्तिले परमेश्वरसँग घनिष्ठ सङ्गति गर्ने मानवजातिको क्षमतालाई पुनर्स्थापना गर्दछ । यसकै निम्ति हामी सृष्टि गरिएका थियौं ।

आ. नयाँ करार

क. एउटा भनाइको भरोसायोग्यताको अन्तिम विधिगत पुष्टिको रूपमा गरिने "आमेन" शब्दको प्रयोग नयाँ करारमा सामान्य कुरा हो (सन्दर्भ १ कोरिन्थी १४:१६; २ कोरिन्थी १:२०; प्रकाश १:७; ५:१४; ७:१२) ।

ख. प्रार्थनाको अन्त्यमा गरिने यो शब्दको प्रयोग नयाँ करारमा सामान्य कुरा हो (सन्दर्भ रोमी १:२५; ९:५; ११:३६; १६:२७; गलाती १:५; ६:१८; एफेसी ३:२१; फिलिप्पी ४:२०; २ थेस्सलोनिकी ३:१८; १ तिमोथी १:१७; ६:१६; २ तिमोथी ४:१८) ।

ग. येशूले मात्र महत्वपूर्ण भनाइहरू शुरु गर्न यो शब्दको (यूहन्नाको सुसमाचारमा प्रायः दोहोरिएको) प्रयोग गर्नुभयो (सन्दर्भ लूका ४:२४; १२:३७; १८:१७, २९; २१:३२; २३:४३)

घ. प्रकाश ३:१४ मा यसलाई येशूको एउटा नाउँको रूपमा चलाइएको छ (सम्भवतः यशैया ६५:१६ मा यवेलाई दिइएको नाउँ) ।

ङ. विश्वासयोग्यता वा विश्वास, भरोसायोग्यता वा भरोसाको अवधारणालाई ग्रीक शब्द *पिस्तोस वा पिस्तिस*मा व्यक्त गरिन्छ जसलाई "भरोसा," "विश्वास," "विश्वास गर्नु" भनेर अनुवाद गरिन्छ ।

## NASB (अद्यावधिक) खण्डः १:६-१०

[6]म छक्क पर्दछु, किनकि जसले तिमीहरूलाई खीष्टको अनुग्रहमा बोलाउनुभयो, उहाँलाई छोडेर तिमीहरू
यति चाँडै अर्कै सुसमाचारतिर फर्क्यौ; [7]जुन सुसमाचार अर्को होइन; तर तिमीहरूलाई विचलित पार्ने र
खीष्टको सुसमाचार उल्टापुल्टा पार्न चाहनेहरू कोही-कोही छन् । [8]तर हामीले वा स्वर्गबाटको कुनै दूतले
पनि, हामीले तिमीहरूलाई प्रचार गरेको सुसमाचारबाहेक अर्को कुनै सुसमाचार तिमीहरूलाई सुनायो भने
त्यो श्रापित होओस् । [9]जस्तो हामीले पहिला भन्यौं, त्यस्तै अब म फेरि भन्दछु - कुनै मानिसले, जुन
सुसमाचार तिमीहरूले ग्रहण गरेका छौ, त्योभन्दा बेग्लै सुसमाचार तिमीहरूलाई सुनायो भने त्यो श्रापित
होओस् । [10]किनकि अब म मानिसहरूलाई मनाउँदैछु कि परमेश्वरलाई ? अथवा के म मानिसहरूलाई खुशी
पार्न खोज्दैछु ? किनकि यदि अझै मैले मानिसहरूलाई खुशी पारेको छु भने म खीष्टको बधुँवा दास हुनेथिइनँ ।

**१:६ "म छक्क पर्दछु"** धन्यवाद दिनुको सट्टामा – जुन कुरा पावलका लेखहरूमा अति व्याप्त छ – पावल यो कुरामा छक्क परे (यो क्रियापद पावलका लेखहरूमध्ये यहाँ र २ थेस्सलोनिकी १:१० मा मात्र पाइन्छ) कि विश्वासले अनुग्रहद्वारा धर्मी ठहरचाउने शुद्ध, सरल, वैभवशाली सुसमाचारदेखि गलातीका विश्वासीहरू झूटा शिक्षकहरूद्वारा अति सजिलै भर्माइएका थिए ।

▣ **"यति चाँडै"** यसका दुई अर्थहरू हुन सम्भव छः (१) पावलले प्रचार गरेका सुसमाचारलाई ग्रहण गरेलगत्तै, वा (२) झूटा शिक्षकहरू आएलगत्तै ।

▣ **"उहाँलाई छोडेर"** यो क्रियापद वर्तमान काल हो जसले गलातीहरू तर्किजाने प्रक्रियामा थिए भन्ने जनाउँदछ । "छोडेर" एउटा सैन्य शब्द हो जसले विद्रोहलाई जनाउँदछ । याद गर्नुहोस्, यहाँ पावलको सुसमाचारलाई अस्वीकार गरेर परमेश्वर स्वयंदेखि तर्किजाने व्यक्तिगत पक्षमाथि जोर दिइएको छ । योचाहिँ क्रियापदको वर्तमान निष्क्रिय रूप हुन सक्दछ, तर अझ ठूलो सन्दर्भलाई लिने हो भने (सन्दर्भ ३:१ र अगाडि, र ५:७) यो वर्तमान मध्य रूप देखिन्छ । यसले यो कुरा प्रष्ट पार्दछ कि झूटा शिक्षकहरूले छोडिजान उक्साएका भए तापनि गलातीहरू त्यसमा स्वेच्छापूर्वक सहभागी भए ।

▣ **"जसले तिमीहरूलाई खीष्टको अनुग्रहमा बोलाउनुभयो"** यो "तिमीहरूलाई बोलाउनुभयो" वाक्यांशले सामान्यतया परमेश्वर पिताको एउटा कामलाई जनाउँदछ (सन्दर्भ रोमी ८:३०; ९:२४; १ कोरिन्थी १:९) । "खीष्टको" शब्द थपिएकोले उत्पन्न हुने खण्डगत समस्याको कारण यो महत्वपूर्ण हुन्छ । यो पापैरस $P^{46}$, F*, वा G मा पाइँदैन, तर यो पापैरस $P^{51}$ र अनसियल हस्तलिपिहरू ℵ, A, B, K र $F^2$ मा पाइन्छ । "येशू खीष्टको" वाक्यांश MS D मा पाइन्छ । योचाहिँ पिताले नै हामीलाई खीष्टद्वारा बोलाउनुहुन्छ भन्ने कुरा प्रष्ट पार्न प्राचीन समयमा नै थपिएको कुरा हुन सक्दछ । यसलाई पुनः उल्लेख गरिनुपर्दछः मानिसको मुक्तिमा परमेश्वरले सदैव पहिलो कदम चाल्नुहुन्छ (सन्दर्भ यूहन्ना ६:४४, ६५; रोमी ९; एफेसी १:३-१४) । हेर्नुहोस्:

विशेष शीर्षक: १ थेस्सलोनिकी १:४ मा रहेको चुनाउ र विशेष शीर्षक: २ थेस्सलोनिकी १:११ मा रहेको बोलाइएका ।

▣ **"अर्कै सुसमाचारतिर"** "अर्कै" *(हेटेरोस)*-लाई कहिलेकाहीँ "भिन्दै किसिमको अर्को"-को अर्थमा चलाइन्छ (सन्दर्भ २ कोरिन्थी ११:४) । पद ७ मा *अल्लोस* (अर्थात् "उही किसिमको अर्को") चलाइन्छ; यसलाई यसरी अनुवाद गर्न सकिन्छ, "एउटा श्रृंखलामा रहेको उही किसिमको अर्को" । तैपनि, कोइनी ग्रीक भाषामा यी शब्दहरू समानार्थी बनिरहेका थिए र अति ठूलो भिन्नता देखाइनुहुँदैन । तर, यो सन्दर्भमा, पावलले तुलनाको निम्ति दुवैलाई चलाएका कुरा प्रष्टै देखिन्छ ।

**१:७**

**NASB** **"जुन *वास्तवमै* अर्को होइन"**
**NKJV** **"जुन अर्को होइन"**
**NRSV** **"अर्को सुसमाचार छ भन्ने होइन"**
**TEV** **"'अर्को सुसमाचार' छैन"**
**NJB** **"शुभ खबर एउटाभन्दा बढी हुन सक्दछ भन्ने होइन"**

सुसमाचार दुईवटा छैनन्, यद्यपि एउटा साँचो सुसमाचारलाई विकृत पारिएको छ । २:७ को केजेभी अनुवादलाई दुईवटा सुसमाचारहरूलाई जनाउने रूपमा प्रायः उल्था गरिएको छ: एउटा ग्रीकहरूको निम्ति र एउटा यहूदीहरूको निम्ति । यो एउटा दुर्भाग्यपूर्ण र असत्य अनुमान हो, यद्यपि योचाहिँ झूटा शिक्षकहरूको भनाइ हुन सक्दछ ।

▣

**NASB** **"तिमीहरूलाई बाधा पुरचाउने कोहीकोही मात्र छन्"**
**NKJV** **"तर तिमीहरूलाई हैरान पार्ने कोहीकोही छन्"**
**NRSV** **"तर तिमीहरूलाई द्विविधामा पार्ने कोहीकोही छन्"**
**TEV** **"कतिपय मानिसहरूले तिमीहरूलाई चिढचाइरहेका छन्"**
**NJB** **"यत्ति हो कि तिमीहरूका माझमा दु:ख दिनेहरू कोहीकोही छन्"**

"बाधा पुरचाउनु"-ले सैन्य विद्रोहजस्तै एउटा उद्देश्यपूर्ण कामलाई जनाउँदछ (अर्थात् यो सन्दर्भमा धेरैवटा सैन्य शब्दहरू छन्) । ५:१२ मा "झूटा शिक्षकहरू" बहुवचन हो, तर ५:७ र दुईपटक ५:१० मा एकवचन प्रयोग गरिएको कारण वास्तवमा झूटा शिक्षकहरूको अगुवालाई मात्र जनाइएको हुन सम्भव छ । तिनीहरूलाई ५:१२ मा "गडबडीमा पार्नेहरू" भनिएको छ । गलातीको पुस्तकका यहूदी धर्मका प्रचारकहरू प्रेरित १५:१, ५, २४ का विश्वासमा आएका फरिसीहरू वा पूजाहारीहरूसँग समान हुन् भनी धेरैले मानिलिन्छन् । तिनीहरूले क्रिश्चियन बन्न सक्नुभन्दा पहिला यहूदी बन्नुपर्दछ भन्ने कुरालाई जोर दिन्थे । यहूदी धर्मका प्रचारकहरूले यहूदी व्यवस्थामा जोर दिएका कुरा निम्न कुराहरूमा देख्न सकिन्छ:

१. खतनाको आवश्यकता (सन्दर्भ २:३-४; ५:१; ६:१२-१५)
२. तिनीहरूले विशेष दिनहरू मानेका (सन्दर्भ ४:१०)
३. खाने कुराका नियमहरूको पालनालाई पनि समावेश गर्न खोजिएको जुन कुरा पावलले पत्रुसलाई सम्झाएका बेलामा देखिएको थियो (सन्दर्भ २:११-१४)

योचाहिँ सम्भवत: २ कोरिन्थी ११:२६ र १ थेस्सलोनिकी २:१४-१६ मा उल्लेखित झूटा शिक्षकहरूकै समूह थियो । तिनीहरूको समस्या यो थियो: तिनीहरूले मुक्तिमा हुने ख्रीष्टको मुख्य स्थानलाई अस्वीकार गरेका त थिएनन्, तर मोशाको व्यवस्था पनि पालन गर्नुपर्ने माग तिनीहरूले राखे जसले अनुग्रह कि मानवीय कार्य भन्ने द्विविधामा पारिदिन्छ । नयाँ करार मानिसको पुण्यको कमाइमाथि केन्द्रित छैन (सन्दर्भ यर्मिया ३१:३१-३४; इजिकिएल ३६:२२-३८) ।

पुरानो करार र नयाँ करारलाई कसरी सम्बन्धित तुल्याउने भन्ने कुराको ईश्वरशास्त्रीय र व्यावहारिक समस्या आजसम्म पनि जारी नै छ। वर्षौंदेखि सुझावित केही सम्भाव्य विकल्पहरू यस प्रकार छन्।

१. पुरानो करारलाई बेवास्ता गर्ने
२. पुरानो करारलाई व्याख्या गर्ने
३. इस्राएलका नीतिशास्त्रहलाई निरन्तरता दिने, तर धार्मिक पद्धतिहरूलाई होइन
४. पुरानो करारका वर्गीकरणहरूको नजरले नयाँ करार पढ्ने
५. येशूको नयाँ सन्देशद्वारा पुरानो करार पढ्ने
६. यसलाई एउटा प्रतिज्ञा (पुरानो करार) र पूर्णता (नयाँ करार)-को रूपमा हेर्ने

मैले यस मामिलामा सङ्घर्ष गरेको छु ! मेरो लागि निश्चितरूपमा पुरानो करार प्रकाश नै हो (मत्ती ५:१७-१९; २ तिमोथी ३:१५-१६)। उत्पत्तिको पुस्तकबिना बाइबललाई बुझ्न सकिँदैन। निश्चितरूपमा पुरानो करारले परमेश्वरलाई आश्चर्यरीतिले प्रकट गर्दछ, तैपनि यहूदी धर्मले चाहिँ करारको मानवीय पक्षलाई जोर दिएर मोशासँग गरिएको करारलाई दुरूपयोग गरेको जस्तो मलाई लाग्दछ ! मचाहिँ ईश्वरीय विश्वव्यापी पक्षलाई जोर दिन चाहन्छु (अर्थात्, उत्पत्ति ३:१५; १२:३; प्रस्थान १९:५-६) जसमा मानिसले करारमा माग गरिएअनुसारको व्यवहार गर्नुपर्दछ !

नयाँ करारले इस्राएलसँग गरिएका जातीय प्रतिज्ञाहरूलाई विश्वव्यापी बनाइदिन्छ ताकि परमेश्वरको स्वरूप र प्रतिरूपमा बनाइएको (सन्दर्भ उत्पत्ति १:२६-२७) पतित मानवजातिलाई छुटकारा दिने परमेश्वरको मौलिक अभिप्राय पूर्णरूपमा पूरा होओस् ! एक परमेश्वर, एक संसार र पुनर्स्थापित सङ्गतिमा जाने एक बाटो (अर्थात् यशैयाको सन्देश) !

## विशेष शीर्षक: बबका इभान्जेलिकल झुकाउहरू

तपाईं पाठकको सामु मैले स्वीकार गर्नु नै पर्दछ कि यहाँनेर म पूर्वाग्रही भएको छु। मेरो क्रमवद्ध ईश्वरशास्त्र क्याल्भिनवादी वा व्यवस्थावादी (डिस्पेन्सेशनल) होइन, तर यो महान् आज्ञा इभान्जेलिकल हो (सन्दर्भ मत्ती २८:१८-२०; लूका २४:४६-४७; प्रेरित १:८)। सम्पूर्ण मानवजातिको छुटकाराको निम्ति परमेश्वरसँग एउटा अनन्त योजना थियो भनी म विश्वास गर्दछु (जस्तै, उत्पत्ति ३:१५; १२:३; प्रस्थान १९:५-६; यर्मिया ३१:३१-३४; इजिकिएल १८; ३६:२२-३९; प्रेरित २:२३; ३:१८; ४:२८; १३:२९; रोमी ३:९-१८, १९-२०, २१-३१), उहाँको स्वरुप र प्रतिरुपमा बनाइएका सबैको लागि (सन्दर्भ उत्पत्ति १:२६-२७)। ती कराहरू खीष्टमा एकीकृत हुन्छन् (सन्दर्भ गलाती ३:२८-२९; कलस्सी ३:११)। येशू परमेश्वरको रहस्य हुनुहुन्छ, लुकेको तर अहिले प्रकट गरिएको (सन्दर्भ एफेसी २:११-३:१३) ! इस्राएल होइन तर नयाँ करारको सुसमाचार पो बाइबलको मुख्य विषय हो।

यो पूर्वज्ञानले मैले गर्ने बाइबलका सबै व्याख्याहरूमा प्रभाव पार्दछ। यसैद्वारा म सबै खण्डहरू पढ्दछु ! यो निश्चय पनि एउटा पूर्वाग्रह हो (सबै व्याख्याकारहरूमा ती हुन्छन् !), तर योचाहिँ बाइबलले जानकारी दिएको पूर्वानुमान हो।

▣

| | |
|---|---|
| **NASB** | **"र खीष्टको सुसमाचारलाई उल्टापुल्टा पार्न चाहनेहरू"** |
| **NKJV, NRSV** | **"र खीष्टको सुसमाचारलाई विकृत पार्न चाहनेहरू"** |
| **TEV** | **"र खीष्टको सुसमाचारलाई परिवर्तन गर्न प्रयास गर्नेहरू"** |
| **NJB** | **"खीष्टको शुभ खबरलाई परिवर्तन गर्न चाहनेहरू"** |

"उल्टापुल्टा पार्नु" एउटा एओरिस्ट धातुरूप हो जसको अर्थ हुन्छ, "उल्टयाउनु"। यो सम्भवतः अर्को सैन्य शब्द होला। नैतिकता सुसमाचारको महत्वपूर्ण तत्व भए तापनि यो सदैव मुक्तिपछि आउँदछ। यहूदी धर्मका प्रचारकहरूले जोर गरे जस्तो यो मुक्तिभन्दा अगाडि आउँदैन (सन्दर्भ एफेसी २:८-९ र १०)। पावलको

सुसमाचार यस्तो थियो: ख्रीष्ट र त्यसपछि ख्रीष्टको जस्तो स्वभाव; तिनीहरूको सुसमाचार यस्तो थियो: कर्मको धार्मिकता (मोशाको व्यवस्था) र त्यसपछि ख्रीष्टमा परमेश्वरको धार्मिकता ।

**१:८ "तर....पनि"** एउटा एओरिस्ट मध्य सम्भावनासूचक भएको यो तेस्रो वर्गको शर्तपूर्ण वाक्य हो जसले काल्पनिक अवस्था देखाउँदछ (सन्दर्भ २ कोरिन्थी ११:३-४) । पावलले जोर दिए कि तिनले वा स्वर्गबाटको कुनै स्वर्गदूतले पनि भिन्दै सुसमाचार प्रचार गरे भने तिनीहरूको न्याय गरिनुपर्दछ र परमेश्वरदेखि अलग पारिनुपर्दछ ।

▣

| | |
|---|---|
| **NASB** | **"त्यो श्रापित हुनुपर्दछ !"** |
| **NKJV** | **"त्यो श्रापित होओस्"** |
| **NRSV** | **"त्योचाहिँ श्रापित होओस्"** |
| **TEV** | **"त्यसलाई नरकको दण्ड मिलोस्"** |
| **NJB** | **"त्यो दण्डित हुनुपर्दछ"** |

"श्राप" (*अनाथेमा,* सन्दर्भ मत्ती १८:७; रोमी ९:३; १ कोरिन्थी १२:३; १६:२२)-ले हिब्रू शब्द *हेरेम*लाई जनाउन सक्दछ जसले कुनै कुरा परमेश्वरलाई सुम्पिने अर्थ दिन्थ्यो । यरीहोलाई विनाशको निम्ति परमेश्वरको हातमा सुम्पिइएको अवस्थामा भएको *हेरेम*को प्रयोगबाट यसको नकारात्मक अर्थ विकास भयो (सन्दर्भ यहोशू ६-७) । परमेश्वरको श्रापचाहिँ उहाँका जनहरूले करार भङ्ग गर्नुको स्वाभाविक परिणाम हो (सन्दर्भ व्यवस्था २७:११-२६) । तैपनि, पावलले झूटा शिक्षकहरूलाई परमेश्वरको क्रोधमा सुम्पिएर तिनीहरूको सुसमाचारको गम्भीरतालाई देखाउन यो शब्द विशेषरूपमा चलाए ।

वाक्य रचनाको आधारमा, पदहरू ८ र ९ समान छन् । तैपनि, पद ८ को तेस्रो वर्गको शर्तपूर्ण वाक्यले सम्भावित कामलाई (अर्थात् काल्पनिक) देखाउँदछ, जबकि पद ९ को प्रथम वर्गको शर्तपूर्ण वाक्यले वर्तमान, गरिएको काम (अर्थात् झूटा शिक्षकहरूको प्रचार)-लाई देखाउँदछ ।

## विशेष शीर्षक: श्राप *(अनाथेमा)*

हिब्रू भाषामा "श्राप"-लाई जनाउने धेरैवटा शब्दहरू छन् । *हेरेम* (बीडीबी ३५६)-लाई परमेश्वरमा चढाइएको कुनै कुराको बारेमा चलाइन्थ्यो (सन्दर्भ *अनाथेमा*को रूपमा LXX (बीएजीडी), लेवी २७:२८), सामान्यतया विनाशको निम्ति (सन्दर्भ व्यवस्था ७:२६; यहोशू ६:१७-१८; १७:१२) । योचाहिँ "पवित्र युद्ध"-को अवधारणामा चलाइएको शब्द थियो । परमेश्वरले कनानीहरूलाई नाश गर्ने कुरा बताउनुभयो र यरीहोचाहिँ पहिलो प्रहार, "पहिलो फल" थियो ।

नयाँ करारमा *अनाथेमा* र यसका सम्बन्धित रूपहरूलाई विभिन्न अर्थहरूमा चलाइएको थियो:

१. परमेश्वरलाई चढाइने भेटीको रूपमा (सन्दर्भ लूका २१:५)
२. मृत्युको सपथको रूपमा (सन्दर्भ प्रेरित २३:१४)
३. श्राप दिनु र कसम खानु (सन्दर्भ मर्कूस १४:७१)
४. येशूसँग सम्बन्धित एउटा श्रापको सुत्र (सन्दर्भ १ कोरिन्थी १२:३)
५. कुनै व्यक्ति वा कुनै कुरालाई न्याय वा विनाशको निम्ति परमेश्वरलाई दिनु (सन्दर्भ रोमी ९:३; १ कोरिन्थी १६:२२; गलाती १:८-९) ।

**१:९ "जस्तो हामीले पहिला भन्यौं"** यो एउटा पूर्ण सक्रिय सूचक बहुवचन हो, जसले पावलको मिशन समूहले पहिला नै गरेको प्रचार र शिक्षणलाई जनाउँदछ ।

▣ **“जुन सुसमाचार तिमीहरूले ग्रहण गरेका छौ, त्योभन्दा बेग्लै सुसमाचार”** “ग्रहण गरेका” क्रियापद (*पारालाम्बानो,* एओरिस्ट सक्रिय सूचक) रब्बीका लेखहरूमा “मौखिक परम्परा” सार्ने कार्यलाई जनाउने एउटा प्राविधिक वाक्यांश हो र यसले यहाँ पावलले सुसमाचारको परम्परा सारिरहेका कुरालाई जनाउँदछ (सन्दर्भ पद १२; १ कोरिन्थी ११:२३; १५:३; फिलिप्पी ४:९; १ थेस्सलोनिकी २:१३; ४:१; २ थेस्सलोनिकी ३:६), तर यस सन्दर्भले यो कुरा प्रष्ट पार्दछ कि तिनले यो परम्परा अन्य मानिसहरूबाट ग्रहण गरेनन् (सन्दर्भ पद १२)।

क्रिश्चियन बन्नको निम्ति सुसमाचारलाई ग्रहण (सन्दर्भ यूहन्ना १:१२) वा अर्को तरिकाले भन्नुपर्दा, विश्वास (सन्दर्भ यूहन्ना ३:१६) गर्नुपर्दछ । क्रिश्चियन विश्वासलाई ग्रहण गर्नुका तीन पक्षहरू हुन्छन् जुन सबै नै महत्वपूर्ण हुन्छन् (तीनवटैले *पिस्टिस - पिस्टेलो*का तीन प्रयोगहरूसँग सम्बन्धित हुन्छन्, १:२३-२४ को टिपोट हेर्नुहोस्):

१. येशूलाई व्यक्तिगतरूपमा स्वागत गर्नुपर्दछ (जो विश्वास गर्नुपर्ने व्यक्ति हुनुहुन्छ)
२. उहाँको बारेमा नयाँ करारका सत्यताहरूलाई विश्वास गर्नुपर्दछ (उक्त व्यक्तिसम्बन्धी सत्यताहरूलाई पुष्टि गर्न)
३. उहाँको जस्तै जीवन जिउन (त्यो व्यक्तिको जस्तै गरी जिउनुपर्ने जीवन)

पावलको सुसमाचारका मुख्य तत्वहरू सीधै येशूबाट आएका थिए भन्ने कुरालाई प्रष्ट पारिनुपर्दछ (सन्दर्भ पद १२) । पावलले धेरै वर्षसम्म तिनको बारेमा सोचविचार र विकास गरे अनि त्यसपछि मात्र तिनी यरूशलेममा रहेको आमा मण्डली र त्यहाँका अगुवाहरूलाई भेट्न गए (सन्दर्भ गलाती १:१८; २:१) । तैपनि, येशूलाई शरीरमा चिनेका व्यक्तिहरूबाट पावलले उहाँका शब्दहरू र कामहरूको बारेमा धेरै कुराहरू पनि थाहा पाए:

१. तिनले सताएकाहरूले तिनलाई साक्षी दिए ।
२. तिनले स्तिफनसको प्रतिवाद देखे र सुने (सन्दर्भ प्रेरित ७:५८)
३. हननियाले तिनलाई साक्षी दिए (सन्दर्भ प्रेरित ९:१०-१९)
४. तिनी १५ दिनसम्म पत्रुससँग बसे (सन्दर्भ १:१८)

थपरूपमा भन्नुपर्दा, पावलले आफ्ना लेखहरूमा प्राचीन मण्डलीका धेरैवटा मतहरू र भजनहरू उद्धृत पनि गर्दछन् (सन्दर्भ १:४-५; १ कोरिन्थी १५:३-४; एफेसी ५:१४; फिलिप्पी २:६-११; कलस्सी १:१५-२०; १ तिमोथी ३:१६); र क्रिश्चियन परम्पराहरूलाई धेरैपटक उल्लेख गर्दछन् (सन्दर्भ १ कोरिन्थी ११:२; २ थेस्सलोनिकी ३:६) । झूटा शिक्षकहरूका आरोपहरूको कारण पावल अत्यन्त निर्दिष्ट शब्दहरूमा र होशियारपूर्ण अर्थमा बोलिरहेका थिए ।

**१:१० “किनकि अब म मानिसहरूलाई मनाउँदैछु कि परमेश्वरलाई ?”** योचाहिँ १:१ मा शुरु भएको सारको विकास र निरन्तरता हो । पावलले झूटा शिक्षकहरूप्रति व्यक्त गरेका कडा शब्दहरूले यो कुरा प्रमाणित गरे कि तिनले आफूलाई आरोप लगाएका व्यक्तिहरूलाई खुशी पार्न खोजिरहेका थिएनन् । १ कोरिन्थी ९:१९-२७; प्रेरित २१:१७-२६ मा भनिएझैं पावल सबै मानिसहरूका निम्ति सबै कुरा बने भन्ने तिनको भनाइको निम्ति सम्भवतः तिनको आलोचना भइरहेको थियो । यसलाई यसरी गलत अर्थ लगाइएको थियोः

१. मूर्तिपूजक संस्कृतिसँग सम्झौता गरिएको
२. तिनले दुईवटा सुसमाचारहरू प्रचार गरेका, एउटा यहूदीहरूको निम्ति र अर्को सजिलोचाहिँ गैरयहूदीहरूको निम्ति

▣ **“यदि”** पद १० दोस्रो वर्गको शर्तपूर्ण वाक्य हो जसले “सत्यताको विपरीत” भनाइ व्यक्त गर्दछ । व्याख्या गरेर हेर्दा, त्यो वाक्य यस्तो हुन आउँदछः “यदि मैले अझै पनि मानिसहरूलाई खुशी पार्न खोजिरहेको भए, जस्तो मैले गरेको छैन, म ख्रीष्टको बँधुवा दास हुनेथिइनँ, जो म हुँ ।” परिशिष्ट एक, ७ हेर्नुहोस् ।

▣ **"अझै मैले मानिसहरूलाई खुशी पारेको छु भने"** "अझै" शब्दको विषयमा धेरै छलफल गरिएको छ । के यसको अर्थ यो हो: तिनले कहिल्यै पनि मानिसहरूलाई खुशी पारेनन् कि पहिला जोशिलो फरिसी हुँदा तिनले मानिसहरूलाई (अर्थात् फरिसीहरूलाई, सन्दर्भ १:१४) खुशी पार्ने प्रयास गरेका थिए भन्ने स्वीकारोक्ति यो थियो ?

▣ **"म ख्रीष्टको बधुँवा दास हुनेथिइनँ"** योचाहिँ एक मानिसले दुई मालिकहरूको सेवा गर्न सक्दैन भन्ने ख्रीष्टको शिक्षाको घुमाउरो उल्लेख हो (सन्दर्भ मत्ती ६:२४) । "बधुँवा दास" वाक्यांशलाई पावलले निम्न कुराहरूलाई जनाउन प्रयोग गरेका होलान्:

१. येशू मालिक हुनुहुन्छ र पावल दास हुन् ।
२. पुरानो करारबाट लिइएको अगुवापनको भययोग्य शीर्षक जसलाई मोशा (सन्दर्भ व्यवस्था ३:५; यहोशू ८:३१, ३३), यहोशू (सन्दर्भ यहोशू २४:२९; न्यायकर्त्ता २:८), र दाऊद (सन्दर्भ २ शमूएल ७:५; शीर्षक, भजनसंग्रह १८)-को विषयमा प्रयोग गरिएको थियो ।

## NASB (अद्यावधिक) खण्डः १:११-१७

11"तर भाइहरूहो, म तिमीहरूलाई जनाउँदछु - जुन सुसमाचार मद्वारा सुनाइएको थियो, त्यो
मान्छेअनुसारको होइन । 12किनकि न त मैले त्यो मान्छेबाट पाएँ, न त त्यो मलाई सिकाइएको हो, तर येशू
ख्रीष्टको प्रकाशद्वारा मैले त्यो पाएँ ।" 13किनभने बितेको समयमा यहूदीधर्ममा हुँदा मेरो चालचलन कस्तो
थियो, सो तिमीहरूले सुनेका छौ; मैले परमेश्वरको मण्डलीलाई साह्रै सताएँ, र त्यसलाई नष्ट-भ्रष्ट पारेँ ।
14अनि मेरा पितापुर्खाका रीतिविधिहरूमा एकदमै जोशिलो भएर मेरो आफ्नै जातिमा मेरा दौंतरीहरूमध्ये
अनेकौंलाई उछिन्दै म यहूदीधर्ममा अघि बढेँ । 15"तर जब परमेश्वरलाई - जसले मलाई मेरी आमाकै
गर्भबाट अगल पार्नुभयो, र आफ्नो अनुग्रहद्वारा मलाई बोलाउनुभयो - 16आफ्नो पुत्रलाई ममा प्रकट गर्न
असल लाग्यो - अन्यजातिहरूको बीचमा मैले उहाँलाई प्रचार गरूँ भनेर - तब तुरुन्तै मैले मासु र रगतसँग
सल्लाह लिइनँ, 17न त म माथि यरूशलेममा उनीहरूकहाँ गएँ, जो मभन्दा पहिला प्रेरितहरू थिए, तर म त
अरब गएँ, र फेरि दमस्कस फर्किएँ ।

**१:११-२:१४** यो एउटा साहित्यिक एकाइ हो जसमा पावलले आफ्नो सुसमाचारको बचाउ गर्नको निम्ति आफ्नो प्रेरितपदको बचाउ गर्दछन् ।

१:११

| | |
|---|---|
| **NASB** | **"किनकि भाइहरूहो, म तिमीहरूलाई थाहा दिन चाहन्छु"** |
| **NKJV** | **"तर भाइहरूहो, म तिमीहरूलाई जनाउँदछु"** |
| **NRSV** | **"किनकि भाइहरू र बहिनीहरूहो, तिमीहरूले जान भन्ने म चाहन्छु"** |
| **TEV** | **"मेरा भाइहरूहो, म तिमीहरूलाई भन्न चाहन्छु"** |
| **NJB** | **"भाइहरूहो, वास्तविकता यो हो र तिमीहरूले यो बुझ भन्ने म चाहन्छु"** |

केजेभीले यसलाई "म तिमीहरूलाई जनाउँदछु" भनेर अनुवाद गर्दछ जुन उक्त वाक्यांशको प्राविधिक अर्थ हो (सन्दर्भ १ कोरिन्थी १२:३; १५:१; २ कोरिन्थी ८:१) ।

**१:११-१२ "जुन सुसमाचार मद्वारा सुनाइएको थियो, त्यो मानिसअनुसारको होइन"** यसले एउटा वाक्यांश शुरु गर्दछ जसले १:१ का जोडी प्रेषकहरूलाई दोहोरयाउँदछ । पावलको सन्देश कुनै मानिसबाट आएको होइन भनी तिनले दाबी गरे (सन्दर्भ २ थेस्सलोनिकी २:१३; २ पत्रुस १:२०-२१) । तिनले यो कुनै मानिसबाट पाएनन् भनी तिनले थप प्रष्ट पारे । "पाउनु" शब्दलाई रब्बीका विद्यालयहरूमा पढाइँदै गरेका विद्यार्थीहरूको निम्ति प्रयोग

गरिन्थ्यो । सुसमाचारचाहिँ पावलले यरूशलेममा रब्बीका विद्यार्थीको रूपमा पाएका शिक्षाहरूको विपरीत थियो । दमस्कस जाने बाटोमा र अरेबियामा पनि येशू ख्रीष्टको प्रकाशद्वारा तिनलाई यो सिकाइएको थियो (सन्दर्भ एफेसी ३:२-३) । तिनले यो कुरा पदहरू ११-१२ मा तीनपटक उल्लेख गरे !

"सुसमाचार" शब्द र "सुनाइएको" क्रियापद दुवै यो संयुक्त शब्दबाट आउँदछन्

१. *इयु,* "असल"

२. *एन्जेलियोन,* "खबर" वा "सन्देश"

पावलले तिनलाई १ कोरिन्थी १५:१ मा सँगसँगै चलाउँदछन् ।

**१:१२ "येशू ख्रीष्टको प्रकाश"** यो या त कर्त्तासम्बन्धी सम्बन्धकारक अवस्था (येशूलाई प्रकाशको कारकको रूपमा अर्थात् "मानिसहरूदेखि" विपरीत भनी जोर दिने) या कर्मसम्बन्धी सम्बन्धकारक अवस्था (येशूलाई प्रकाशको विषयवस्तुको रूपमा जोर दिने, सन्दर्भ पद १६) हुन सक्दछ ।

**१:१३ "बितेको समयमा यहूदीधर्ममा हुँदा मेरो चालचलन कस्तो थियो, सो तिमीहरूले सुनेका छौ"** यी मण्डलीहरूले कसरी सुने भन्ने कुरा निश्चित छैन ।

१. त्यो सामान्य ज्ञान थियो ।

२. पावलले तिनीहरूलाई बताए ।

३. झूटा शिक्षकहरूले तिनको बितेको समयको चालचलनलाई छेंड हानेका थिए

"यहूदी धर्म"-ले फरिसीवादलाई जनाउँदछ जस्तो देखिन्छ (सन्दर्भ प्रेरित २६:४-५) । रोमी अधिकारी टाइटसद्वारा सन् ७० मा यरूशलेम विनाश पारिएपछि फरिसी समूह जाम्निया शहरमा सरचो । सदुकी पक्ष पूर्णरूपमा नामेट पारियो र फरिसीमतचाहिँ आधुनिक रब्बीगत यहूदीमतमा विकास भयो । फिलिप्पी ३:४-६ मा पावलले आफ्नो जीवनको कुनै कुरालाई एक जोशिलो फरिसीको रूपमा उल्लेख गरे ।

## विशेष शीर्षक: फरिसीहरु

अ. यस शब्दको सम्भावित उत्पत्ति निम्नलिखितमध्ये एक थियो:

क. "अलग हुनु" । यो समूह मकाबियाली अवधिमा विकास भयो । (योचाहिँ सबैभन्दा व्यापकरूपमा ग्रहण गरिएको दृष्टिकोण हो) ।

ख. "विभाजन गर्नु" । योचाहिँ उही हिब्रू मूलको अर्को अर्थ हो । यसको अर्थ व्याख्याकार थियो भनी कतिले भन्दछन् (सन्दर्भ २ तिमोथी २:१५) ।

ग. "पर्सियाली" । यो पनि उही अरामिक मूलको अर्को अर्थ हो । फरिसीहरूका केही सिद्धान्तहरू पर्सियाली जोरोअस्ट्रियन द्वैधवादसँग धेरै मेल खान्छन् ।

आ. तिनीहरू मकाबियाली अवधिमा *हसिडिम* (भक्तजनहरू)-बाट विकास भए । एन्टिओकस चौंथो इपिफेन्सप्रतिको गैरग्रीक प्रतिक्रियाबाट एसेनीजस्ता विभिन्न समूहहरू निस्किए । फरिसीहरूलाई सर्वप्रथम जोसेफसको *Antiquities of the Jews* 8.5.1-3 मा उल्लेख गरिएको हो ।

इ. ती मुख्य सिद्धान्तहरू ।

क. आउनुहुने मसीहमाथि विश्वास, जुनचाहिँ पहिलो हनोकजस्तो अन्तरबाइबलीय यहूदी अन्तिम समयको पुस्तकद्वारा प्रभावित भएको थियो ।

ख. दैनिक जीवनमा सक्रिय परमेश्वर । योचाहिँ सदुकीहरूभन्दा ठीक विपरीत थियो । धेरैवटा फरिसी सिद्धान्तहरू सदुकीहरूका सिद्धान्तहरूसँग ईश्वरशास्त्रीयरूपमा विपरीत हुन्थे ।

ग. सांसारिक जीवनमा आधारित शरीर केन्द्रित मृत्युपछिको जीवन, जसमा पुरस्कार र सजाय समावेश हुन्थे (सन्दर्भ दानियल १२:२) ।

घ. पुरानो करार र मौखिक परम्पराहरू (*तालमुद*)-को अधिकार । परमेश्वरका पुरानो करारका आज्ञाहरूप्रति आज्ञाकारी हुनुबारे तिनीहरू सचेत थिए जुन आज्ञाहरूलाई रब्बीसम्बन्धी विद्वान्‌हरूका विद्यालयहरूले व्याख्या र प्रयोग गर्दथे ।
(शम्माइ, रुढिवादी र उदारवादी) । रब्बीहरूले गर्ने व्याख्या दुई भिन्न दर्शनशास्त्रहरूका, एक रुढिवादी र अर्को उदारवादी रब्बीहरूबीचको कुराकानीमा आधारित हुन्थ्यो । पवित्रशास्त्रहरूको अर्थबारे गरिने यी मौखिक छलफलहरूलाई अन्ततः दुई स्वरूपहरूमा लेखिन्थ्योः बेबिलोनियन तालमुद र अपूर्ण प्यालेस्टिनियन तालमुद । मोशाले यी मौखिक व्याख्याहरू सीनै पर्वतमा पाएका थिए भनी तिनीहरूले विश्वास गर्दथे । यी छलफलहरूका ऐतिहासिक शुरुआत एज्रा र "महान् सिनघाघ"-का मानिसहरूसँगै शुरु भयो (जसलाई पछि सन्हेड्रिन भनियो) ।

ङ. अति विकसित स्वर्गदूतशास्त्र । यसले असल र खराब आत्मिक प्राणीहरू दुवैलाई जनाउँदथ्यो । यो पर्सियाली द्वैधवाद र अन्तरबाइबलीय यहूदी साहित्यबाट विकास भयो ।

▣

**NASB** **"मैले परमेश्वरको मण्डलीलाई साह्रै सताएँ"**
**NKJV** **"मैले सताएँ"**
**NRSV** **"मैले हिंसापूर्वक सताइरहेको थिएँ"**
**TEV** **"मैले निर्दयतापूर्वक सताएँ"**
**NJB** **"मैले त्यसलाई अति हानि पुरचाएँ"**

प्रेरित ९:४ मा यो अपूर्ण कालको क्रियापद प्रयोग गरिएको छ जसले प्रेरित ८:१-३; २२:२० र २६:१० (सन्दर्भ १ कोरिन्थी १५:९; १ तिमोथी १:१३) । यी तिनै साधारण सन्दर्भहरू हुन् जसमा पावलले आफ्नो व्यक्तिगत गवाही बाँडे ।

"साह्रै"-को निम्ति, तल दिइएको विशेष शीर्षक हेर्नुहोस् ।

## विशेष शीर्षकः पावलले गरेका *"हुपर"* समासहरूको प्रयोग

पावलमा ग्रीक पूर्वसर्ग *हुपर* प्रयोग गरेर नयाँ शब्दहरू सिर्जना गर्ने विशेष रुचि थियो, जसको आधारभूत अर्थ "माथि" वा "माथिल्लो" हुन्छ । सम्बन्धकारकसँग प्रयोग गर्दा यसको अर्थ हुन्छ, "को पक्षमा" । यसको अर्थ "बारेमा" वा "सम्बन्धमा" पनि हुन सक्दछ, जस्तै *पेरी* (सन्दर्भ २ कोरिन्थी ८:२३; २ थेस्सलोनिकी २:१८) । कर्मकारकसँग प्रयोग गर्दा यसको अर्थ हुन्छः "माथि," "माथिल्लो," वा "सीमाबाहिरको" (सन्दर्भ ए.टी. रोबर्टसन, *A Grammar of the Greek New Testament in the Light of Historical Research, pp. 625-633)* । पावलले कुनै अवधारणालाई प्रष्ट पार्न चाहँदा यो पूर्वसर्गलाई एउटा समास बनाएर प्रयोग गर्दथे । पावलले यो पूर्वसर्गलाई समासहरूमा गरेका विशेष प्रयोगको सूची तल दिइएको छ ।

क. *हपाक्स लेगोमेनन* (नयाँ करारमा एकपटक मात्र प्रयोग गरिएको)
  १. *हुपरअक्मोस,* जीवनको यौवनावस्थापछिको अवस्था, १ कोरिन्थी ७:३६
  २. *हुपरऔक्सानो,* अति वृद्धि हुनु, २ थेस्सलोनिकी १:३
  ३. *हुपरबाइनो,* अवज्ञा वा अपराध गर्नु, १ थेस्सलोनिकी ४:६
  ४. *हुपरकेइना,* सीमाबाहिरको, २ कोरिन्थी १०:१६
  ५. *हुपरिक्टेइना,* अतिविस्तार गर्नु, २ कोरिन्थी १०:१४
  ६. *हुपरेन्टुग्चानो,* अन्तरविन्ती गर्नु, रोमी ८:२६
  ७. *हुपरनिकाओ,* अति विजयी हुनु, रोमी ८:३७
  ८. *हुपरप्लिओनाजो,* अति प्रशस्ततामा हुनु, १ तिमोथी १:१४
  ९. *हुपरुप्सू,* उच्चरूपमा उचाल्नु, फिलिप्पी २:९
  १०. *हुपरफ्रोनिओ,* अहंकारपूर्ण विचारहरू लिनु, रोमी १२:३

ख. पावलका लेखहरूमा मात्र प्रयोग गरिएका शब्दहरू

१. *हुपराइरोमाइ,* आफैलाई उचाल्नु, २ कोरिन्थी १२:७; २ थेस्सलोनिकी २:४

२. *हुपरबलान्टोस,* अपार, अति धेरै, २ कोरिन्थी ११:२३; (यहाँ विशेषण मात्र, तर २ कोरिन्थी ३:१०; ९:१४; एफेसी १:१९; २:७; ३:१९ मा क्रियापद पनि)

३. *हुपरबोली,* अतिशय गर्नु, असाधारण सुरक्षा गर्नु, रोमी ७:१३; १ कोरिन्थी १२:३१; २ कोरिन्थी १:८; ४:७, १७; २२:७; गलाती १:१३

४. *हुपरएक्पेरिसौ,* असीमितरूपमा, एफेसी ३:२०; १ थेस्सलोनिकी ३:१०; ५:१३

५. *हुपरलियन,* सर्वोच्च मात्रामा वा श्रेष्ठतामा, २ कोरिन्थी ११:५; १२:११

६. *हुपरओकी,* ख्याति, उत्कृष्ट, १ कोरिन्थी २:१; १ तिमोथी २:२

७. *हुपरपेरिसौ,* अति पर्याप्त हुनु, रोमी ५:२० (मध्यम रूप, प्रशस्तमात्रामा भरिनु, भरिएर पोखिनु, २ कोरिन्थी ७:४)

ग. पावलद्वारा र नयाँ करारका अन्य लेखकहरूले बिरलै प्रयोग गरेका शब्दहरू

१. *हुपरानो,* धेरै माथि, एफेसी १:२१; ४:१०; र हिब्रू ९:५

२. *हुपरेचो,* उत्कृष्ट, श्रेष्ठता, रोमी १३:१; फिलिप्पी २:३; ३:८; ४:७; १ पत्रुस २:१३

३. *हुपरेफानोस,* अहंकारी वा घमण्डी, रोमी १:३०; २ तिमोथी ३:२ र लूका १:५१; याकूब ४:६; १ पत्रुस ५:५ ।

पावल अति जोशिला मानिस थिए; सबै कुराहरू र मानिसहरू असल हुँदा तिनीहरू अति असल थिए र तिनीहरू खराब हुँदा तिनीहरू अति खराब थिए । यो पूर्वसर्गले पाप, शरीर अनि ख्रीष्ट र सुसमाचारसम्बन्धी तिनका सर्वोच्च भावनाहरू व्यक्त गर्न तिनलाई अनुमति दियो ।

▣ **"परमेश्वरको मण्डलीलाई"** *एक्लेसिया* शब्दचाहिँ "देखि बाहिर" र "बोलाउनु" मिलेर बनेको ग्रीक समास हो । कुनै पनि किसिमको सभा, जस्तै नगरसभा (सन्दर्भ प्रेरित १९:३२)-लाई जनाउन कोइनी ग्रीक भाषामा यसलाई चलाइएको थियो । मण्डलीले यो शब्द रोज्यो किनभने यसलाई सेप्टुआगिन्ट अर्थात् पुरानो करारको ग्रीक अनुवादमा चलाइएको थियो जसलाई इजिप्टको अलेक्जान्ड्रियामा अवस्थित पुस्तकालयमा राख्नको लागि छिटोमा ईशापूर्व २५० मा लेखिएको थियो । यो ग्रीक शब्दले हिब्रू शब्द *कहाल*लाई अनुवाद गरेको थियो जसलाई करारगत वाक्यांश "इस्राएलको सभा"-मा चलाइएको थियो (सन्दर्भ गन्ती २०:४) । नयाँ करारका लेखकहरूले यो कुरालाई जोर दिए कि तिनीहरू "ईश्वरीय तवरले बोलाइएकाहरू" थिए जो तिनीहरूको जमानाका परमेश्वरका जन थिए । परमेश्वरको पुरानो करारका जनहरू र परमेश्वरका नयाँ करारका जनहरूबीच कुनै ठोस भिन्नता तिनीहरूले देखेनन् । हामीले यो कुरालाई जोर दिनुपर्दछ कि येशू ख्रीष्टको मण्डली पुरानो करारका पवित्रशास्त्रहरूका साँचो उत्तराधिकारी हुन्, न कि आधुनिक रब्बीहरूको यहूदी धर्म ।

याद गर्नुहोस् कि पावलले १:२ मा स्थानीय मण्डलीहरू र १:१३ मा विश्वव्यापी मण्डलीहरूलाई उल्लेख गरे । नयाँ करारमा "मण्डली"-लाई तीन भिन्न तरिकाले चलाइन्छ ।

१. घरेलु मण्डलीहरू (सन्दर्भ रोमी १६:५)

२. स्थानीय वा क्षेत्रीय मण्डलीहरू (सन्दर्भ १:२; १ कोरिन्थी १:२)

३. पृथ्वीमा रहेको ख्रीष्टको समग्र शरीर (१:१३; मत्ती १६:१८; एफेसी १:२२; ३:२१; ५:२३-३२)

▣ **"र त्यसलाई नष्टभ्रष्ट पारेँ"** यो क्रियापद अपूर्ण काल हो जसले विगतमा दोहोरिएको कामलाई जनाउँदछ ।

**१:१४ "मेरा दौंतरीहरूमध्ये अनेकौंलाई उछिन्दै म यहूदीधर्ममा अघि बढेँ"** यसले यरूशलेममा रहेका पावलका सहपाठी विद्यार्थीहरूलाई जनाउँदछ । पहिलो वर्षको ईश्वरशास्त्रको विद्यार्थीभन्दा बढी जोशिलो कोही पनि हुँदैन ! व्यवस्थाप्रतिको यहूदी जोश वास्तवमा ज्ञान र सत्यताबिनाको भक्ति र जोश थियो/हो (सन्दर्भ रोमी १०:२ र अगाडि) । पावलले आफ्ना यहूदी दौंतरीहरूलाई खुशी पार्ने प्रयास गरिरहेका थिए !

▣ **"मेरा पितापुर्खाका रीतिविधिहरूमा एकदमै जोशिलो भएर"** यहाँ "रीतिविधिहरू" शब्द चलाइएको छ जुनचाहिँ "मौखिक परम्परा"-लाई जनाउने प्राविधिक शब्द हो । यहूदीहरूले लिखित पुरानो करारजस्तै मौखिक परम्परा पनि परमेश्वरले सीनै पर्वतमा मोशालाई दिनुभएको थियो भनी विश्वास गर्दथे । उक्त मौखिक परम्पराले लिखित पुरानो करारलाई घेर्नु, रक्षा गर्नु र व्याख्या गर्नुपर्दथ्यो । पछि बेबिलोनी र प्यालेस्टाइनी तालमुदहरूमा मिलाएर राखिएको यसले महत्वपूर्ण विश्वासको सम्बन्धको सट्टामा औपचारिकतावाद र सामाजिक परम्परा उत्पन्न गरायो (सन्दर्भ यशैया २९:१३; कलस्सी २:१६-२३; २ तिमोथी ३:१-५) । २ थेस्सलोनिकी २:१५ मा रहेको "रीतिविधिहरू" सम्बन्धी टिपोट हेर्नुहोस् ।

**१:१५**

| | |
|---|---|
| **NASB** | **"तर जब परमेश्वरलाई"** |
| **NKJV** | **"तर जब परमेश्वरलाई असल लाग्यो"** |
| **NRSV** | **"तर जब परमेश्वरलाई"** |
| **TEV** | **"तर परमेश्वरलाई"** |
| **NJB** | **"तब परमेश्वरलाई"** |

धेरैवटा भरपर्दा प्राचीन हस्तलिपिहरूले "परमेश्वर" शब्द राख्नुको सट्टामा पुरुषवाचक सर्वनाम "उहाँ" चलाउँदछन् (सन्दर्भ हस्तलिपिहरू $P^{46}$ र B) । हस्तलिपिहरू ℵ, A र D मा *थियोस* (परमेश्वर) देखिन्छ । "उहाँ" मौलिकजस्तो थियो र शास्त्रीहरूले पछि त्यो अनेकार्थी सर्वनामलाई प्रष्ट पार्न *थियोस* थपे । परिशिष्ट दुई हेर्नुहोस् ।

▣ **"जसले मलाई मेरी आमाकै गर्भबाट अलग पार्नुभयो, र आफ्नो अनुग्रहद्वारा मलाई बोलाउनुभयो"** पावलले पुरानो करारका केही भविष्यवक्ताहरू, विशेष गरी यर्मियाको बोलावटलाई सङ्केत गरिरहेका छन् (सन्दर्भ यर्मिया १:४-५, वा यवेका दास, यशैया ४९:१, ५) । तिनले सेवकाइको निम्ति ईश्वरीय बोलावट महशूस गरे (सन्दर्भ रोमी १:१) । योचाहिँ तिनको अधिकार र प्रेरितपद मानिसहरूबाटका थिएनन् भनी प्रष्ट पार्ने अर्को तरिका हो (सन्दर्भ पदहरू १, ११-१२) । परमेश्वरद्वारा "बोलाइनु"-को अवधारणालाई पावलको व्यक्तिगत गवाहीमा प्रष्ट पारिएको छ (सन्दर्भ प्रेरित ९:१-१९; १३:२; २२:१-१६ र २६:९-१८) । चयनसम्बन्धी सबैभन्दा बलिया बाइबलीय खण्डहरूमध्ये केहीलाई पावलका लेखहरूमा भेट्टाउन सकिन्छ (सन्दर्भ रोमी ९ र एफेसी १) ।

पावलको "आफ्नै अनुग्रहद्वारा" वाक्यांश "पवित्र आत्मा"-सँग समानार्थी हुन्छ जस्तो देखिन्छ भन्ने कुरा चाखलाग्दो छ । यो वाक्यांश पावलका लेखहरूमा धेरै पाइन्छ (सन्दर्भ रोमी ३:२४; १ कोरिन्थी १५:१०; २ कोरिन्थी ६:१; एफेसी २:८) ।

अनुग्रहले परमेश्वरको अपरिवर्तनीय चरित्रलाई जनाउँदछ र आत्माले पवित्र परमेश्वर र पापी मानवजातिबीच सम्पर्क गराइदिन्छ (सन्दर्भ यूहन्ना ६:४४, ६५) ।

**१:१६**

| | |
|---|---|
| **NASB, NKJV, NJB** | **"आफ्ना पुत्रलाई ममा प्रकट गर्न"** |
| **NRSV, TEV** | **"आफ्ना पुत्रलाई मकहाँ प्रकट गर्न"** |

पद १२ मा "प्रकाश" भनेर अनुदित "प्रकट गर्नु" (*अपोकालुप्टो* )-को सामान्य अर्थ हुन्छ: "प्रष्ट घोषणा वा प्रकटीकरण" । प्रष्टरूपमा नै यो घटना दमस्कस जाने बाटोमा र पछि अरेबियामा घट्यो (सन्दर्भ पद १७) ।

"ममा" शब्द धेरै विवादित छ । यसको अर्थ परमेश्वरले येशूलाई पावलकहाँ प्रकट गर्नुभयो भनी कतिपयले विश्वास गर्दछन् जबकि अरूले चाहिँ यसको अर्थ यस्तो ठान्दछन्: परमेश्वरले पावलद्वारा येशूलाई प्रकट गर्नुभयो । *Revised English Bible* अनुवादले दुवै सम्भाव्यताहरूलाई जोड्दछ ("आफ्ना पुत्रलाई ममा र मद्वारा प्रकट

गर्न")। वरिपरिको सन्दर्भ पहिलो विकल्पमा सबैभन्दा राम्रोसँग मेल खाने देखिन्छ, तर पद १६ मा दोस्रो विकल्प सबैभन्दा राम्रोसँग मेल खान्छ।

▣ **"अन्यजातिहरूको बीचमा मैले उहाँलाई प्रचार गरूँ भनेर"** "ममा" शब्दलाई "अन्यजातिहरूमा" शब्दसँग समान तुल्याइएको छ। परमेश्वरले मूर्तिपूजकहरूलाई बोलाउनको लागि पावललाई बोलाउनुभयो (सन्दर्भ प्रेरित ९:१५; २२:१५; २६:१६-१८; रोमी १:५; ११:१३; १५:१६; गलाती २:७, ९; एफेसी ३:८; १ तिमोथी २:७)। "अन्यजातिहरू" अर्थ दिने यो ग्रीक शब्दबाट नै अंग्रेजी शब्द "ethnic" आएको हो।

▣

| | |
|---|---|
| **NASB** | **"तुरुन्तै मैले मासु र रगतसँग सल्लाह लिइनँ"** |
| **NKJV** | **"तुरुन्तै मैले मासु र रगतसँग कुराकानी गरिनँ"** |
| **NRSV** | **"मैले कुनै मानव प्राणीसँग कुराकानी गरिनँ"** |
| **TEV** | **"म सल्लाह लिनको लागि कसैकहाँ गइनँ"** |
| **NJB** | **"कुनै मानव प्राणीसँग यसबारे छलफल गर्न म रोकिइनँ"** |

यसले अरेबियामा पावलले व्यक्तिगत अध्ययन गरेका समयलाई जनाउँदछ जस्तो देखिन्छ (सन्दर्भ पद ७)। तिनले कति समयसम्म अध्ययन गरे वा तिनी कति समयसम्म अरेबियामा बसे भन्ने कुरामा हामी निश्चित छैनौं। यो सम्भवतः त्यो नबेतियन राज्य थियो जुन दमस्कस शहरदेखि अति नजिक, ठीक दक्षिणपश्चिममा थियो (सन्दर्भ २ कोरिन्थी ११:३२)। पद १८ बाट तिनी बढीमा तीन वर्षसम्म बसेका हुन सक्दथे भन्ने देखिन्छ (तर त्यसो हो नै भन्ने छैन)। पावलले यो उल्लेख गर्नुको मूल उद्देश्य (यो कुरा प्रेरितको पुस्तकमा छैन) तिनले आफ्नो सुसमाचार यरूशलेममा रहेका प्रेरितहरूबाट पाएका थिएनन्, न त तिनले औपचारिकरूपमा यरूशलेमको मण्डलीद्वारा अधिकार नै पाएका थिए, तर परमेश्वरबाट र परमेश्वरद्वारा नै पाएका थिए भन्ने देखाउनु थियो (सन्दर्भ पदहरू १, ११-१२)।

"मासु"-को यौनिक भावार्थहरू हुन्छन्। तल दिइएको विशेष शीर्षक हेर्नुहोस्।

## विशेष शीर्षकः मासु (*सार्क्स*)

पावलले यो शब्दलाई धेरैपटक गलातीको पत्रमा प्रयोग गरेका र रोमीको पत्रमा ईश्वरशास्त्रीयरूपमा व्याख्या गरेका छन्। यो शब्दका भिन्न अर्थहरूलाई कसरी छुटयाउने भन्ने सवालमा विद्वान्हरूको मत बाझिन्छ। यसका अर्थहरूमा निश्चय पनि केही कुरा समान हुन्छन्। उक्त शब्दको फराकिलो अर्थविन्यासलाई जनाउने एउटा प्रयास तल उल्लेख गरिएको छ।

क. मानव शरीर, यूहन्ना १:१४; रोमी २:२८; १ कोरिन्थी ५:५; ७:२८; २ कोरिन्थी ४:११; ७:५; १२:७; गलाती १:१६, २०; ४:१३; फिलिप्पी १:२२; कलस्सी १:२२, २४; २:५; १ तिमोथी ३:१६
ख. मानव अवनति, यूहन्ना ३:६; रोमी १:३; ४:१; ९:३, ५, ८; ११:१४; १ कोरिन्थी १०:१८; गलाती ४:२३, २९
ग. मानव व्यक्ति, रोमी ३:२०; ७:५; ८:७-८; १ कोरिन्थी १:२९; २ कोरिन्थी १०:३; गलाती २:१६; ५:२४
घ. मानवीय कुरा गर्दा, यूहन्ना ८:१५; १ कोरिन्थी १:२६; २ कोरिन्थी १:१२; ५:१६; १०:२; गलाती ६:१२
ङ. मानव कमजोरी, रोमी ६:१९; ७:१८; ८:५-६, ९; २ कोरिन्थी १०:४; गलाती ३:३; ५:१३, १६, १९-२१; कलस्सी २:१८
च. परमेश्वरसित मानिसहरूको शत्रुता, पतनका परिणामहरूसँग सम्बन्धित, रोमी ७:१४; १३:१४; १ कोरिन्थी ३:१, ३; एफेसी २:३; कलस्सी २:१८; १ पत्रुस २:११; १ यूहन्ना २१:६

**१:१७ "उनीहरूकहाँ....जो मभन्दा पहिला प्रेरितहरू थिए"** पावलले निश्चिय पनि शुरुका बाह्रजना चेलाहरूको अगुवापनलाई स्वीकार गरेका थिए, तर तिनीहरूसँगको आफ्नो समानतालाई पनि प्रष्ट पारे।

**NASB (अद्यावधिक) खण्डः १:१८-२४**
[18]तब तीन वर्षपछि म पत्रुससँग भेट गर्नलाई माथि यरूशलेम गएँ, अनि उनीसँग पन्ध्र दिनसम्म बसेँ; [19]तर प्रभुका भाइ याकूबलाई बाहेक प्रेरितहरूमध्ये अरू कसैलाई मैले भेटिनँ । [20]अब हेर, जे कुराहरू म तिमीहरूलाई लेख्छु, परमेश्वरका सामु म झूट बोल्दिनँ । [21]त्यसपछि म सिरिया र सिलिसियाका इलाकाहरूमा आएँ; [22]अनि ख्रीष्टमा भएका यहूदियाका मण्डलीहरूले मेरो मुख देखेका थिएनन्; [23]तर 'जसले बितेको समयमा हामीलाई सताएका थिए, उनैले अहिले आफूले अघि नष्ट पारेको विश्वासलाई प्रचार गर्दा रहेछन्' भनी उनीहरूले सुनेका मात्र थिए । [24]अनि ममा उनीहरूले परमेश्वरको महिमा गरे ।

**१:१८ "तब तीन वर्षपछि म....माथि यरूशलेम गएँ"** पावलले आफू यरूशलेम गएको कुरा खुलारूपमा स्वीकार गरे । यो वाक्यको मूल आशय यो हो कि पावल विश्वासमा आएपछि तीन वर्षसम्म यरूशलेम वा बाह्रजना प्रेरितसँग तिनको कुनै सम्पर्क थिएन । प्रेरितको पुस्तकले पावल पाँचपटक यरूशलेम गएका कुरा उल्लेख गर्दछ, तर गलातीको पत्रले भने दुईवटा मात्र उल्लेख गर्दछ । प्रेरितको पुस्तकमा उल्लेख गरिएका भ्रमणहरूमध्ये कुनचाहिँलाई समानरूपमा गलातीको पत्रमा उल्लेख गरिएको हो वा थप भ्रमणहरू भएका थिए भनी जान्न अत्यन्त कठिन छ । पद १८ मा उल्लेखित यो भ्रमण प्रेरित ९:२६-३० मा उल्लेखित भ्रमण नै हो भनी धेरै मानिसहरूले विश्वास गर्दछन् । हेर्नुहोस्: परिचय, मिति र प्रापकहरू, ग ।

▣ **"भेट गर्नलाई"** यो एउटा ग्रीक वाक्यांश हो जसबाट अंग्रेजी शब्द "history" आएको हो । पावल (१) पत्रुसलाई भेट्न वा (२) येशूका शिक्षाहरू पत्रुसबाट सिक्ने विशेष उद्देश्यको निम्ति गए । तैपनि पूरै समय पावल पत्रुससँग बसेनन् (सन्दर्भ प्रेरित ९:२८-३०) । तिनले त्यो क्षेत्रमा प्रचार गरिरहेका थिए र सम्भवतः पत्रुससँग साँझको समय र विश्रामदिनमात्र बिताए होलान् । यो पदले तिनी पन्ध्र दिनमात्र बसे भन्ने कुरालाई पनि प्रष्ट पार्दछ, जुन अवधि वृहद् शिक्षाको निम्ति अति छोटो हो । तैपनि, १ र २ पत्रुसमा अति प्रष्ट देखिने पावलको लेखनशैली र ईश्वरशास्त्रबाट, पावलले पत्रुसबाट भन्दा पत्रुसले पावलबाट धेरै सिकेका हुन सक्दछन् ।

▣

**NASB, NRSV,**
**NJB** **"केफास"**
**NKJV, TEV** **"पत्रुस"**

केफास (अरामिक भाषामा "चट्टान") MSS $P^{46}$, $P^{51}$, **א***, A, B मा पाइन्छ । पत्रुस (ग्रीक भाषामा "ढुंगा") MSS $א^{c}$, D, F, G, K, L र P मा पाइन्छ । पावलले २:९, ११, १४ मा "केफास" चलाउँदछन् ।

**१:१९ "तर प्रभुका भाइ याकूबलाई बाहेक प्रेरितहरूमध्ये अरू कसैलाई मैले भेटिनँ"** यो ग्रीक वाक्य अत्यन्त अस्पष्ट छ । यसको सन्दर्भले अर्थ्याएअनुसार याकूब एक प्रेरित थिए, तर यो अर्थ निश्चित छैन । यसले (प्रेरितहरू) पद १८ मा पत्रुसलाई जनाउन सक्दछ । बर्नाबास (सन्दर्भ प्रेरित १४:४, १४); अन्ड्रोनिकस र युनियास (सन्दर्भ रोमी १६:७); अपोल्लोस (सन्दर्भ २ कोरिन्थी ४:९); एपाफ्रोडिटस (फिलिप्पी २:२५); वा सिल्भानस र तिमोथी (सन्दर्भ १ थेस्सलोनिकी २:६; प्रेरित १८:५)-को जस्तै अर्थमा याकूब पनि एक "प्रेरित" भएका जस्तो देखिन्छ । यी याकूबलाई बाह्रजना चेलाहरूमध्येका प्रेरित याकूबदेखि अलग भनेर चिनाउनको निम्ति प्रभुका सौतेला भाइ (सन्दर्भ मत्ती १३:५५; मर्कूस ६:३) भनिन्थ्यो । प्रेरित याकूब त छिट्टै नै मारिएका थिए (सन्दर्भ प्रेरित १२) । धेरै पुस्तासम्म यरूशलेमको मण्डलीले येशूका शारीरिक नातेदारहरूलाई आफ्ना अगुवा बनाएको थियो । धेरैवटा बाइबलीय खण्डहरू (सन्दर्भ प्रेरित १२:१७; १५:१३; २१:१८; १ कोरिन्थी १५:७; र याकूब १:१)-का अनुसार याकूबचाहिँ यरूशलेमको मण्डलीका एक अति महत्वपूर्ण अगुवा थिए । २:९ मा हेर्नुहोस्: विशेष शीर्षकः याकूब, येशूका सौतेला भाइ ।

“प्रेरितहरू”-को निम्ति १:१ मा हेर्नुहोस्: विशेष शीर्षक: पठाइएका ।

**१:२० “म परमेश्वरका सामु झूट बोल्दिनँ”** सपथ खानुको गम्भीरता पावल जान्दथे र अझै पनि सपथ खाएर आफ्नो सत्यवादितालाई प्रष्ट पार्नु महत्वपूर्ण हुने तिनलाई लाग्यो (सन्दर्भ रोमी ९:१; १ तिमोथी २:७) । पावलले अन्यत्र पनि आफ्नो सत्यवादिताको साक्षीको रूपमा परमेश्वरलाई राखेका थिए (सन्दर्भ रोमी १:९; २ कोरिन्थी १:२३; ४:२; ११:३१; १ थेस्सलोनिकी २:५, १०) । पावल आफ्नो सन्देशको ईश्वरीय उत्पत्ति र विषयवस्तुबारे निश्चित थिए ।

**१:२१ “त्यसपछि म सिरिया र सिलिसियाका इलाकाहरूमा आएँ”** सिरिया र सिलिसिया रोमी प्रदेशहरू थिए तर सानो प्रदेश सिलिसिया भने पूर्णरूपमा स्वतन्त्र थिएन (सन्दर्भ प्रेरित १५:४१) । यसैकारणले होला यसलाई दोस्रो स्थानमा उल्लेख गरिएको थियो, यद्यपि समयक्रममा यो पहिलो हो । पावलको काम पहिला सिलिसियामा गरिएको थियो, किनकि त्यही क्षेत्रमा नै तिनको गृहनगर टार्सस पर्दथ्यो । यसलाई प्रेरित ९:३० मा उल्लेख गरिएको जस्तो देखिन्छ । पावलले सिरियामा बिताएका समयलाई एन्टिओकसँग जोडेर उल्लेख गरिएको छ जुन रोमी प्रदेश सिरियाको राजधानी थियो । यो अवधिलाई प्रेरित ११:२५-२६ मा उल्लेख गरिएको छ ।

**१:२२ “अनि खीष्टमा भएका यहूदियाका मण्डलीहरूले मेरो मुख देखेका थिएनन्”** “मुख नदेखेका” अर्थ दिने ग्रीक शब्दको आशय अंग्रेजी शब्द "agnostic" मा झल्किन्छ । यो अवस्थामा “ज्ञान” [gnosis]-को अगाडि **अ** छ जसले यसलाई नकारात्मक बनाइदिन्छ । यो केही मात्रामा अचम्भलाग्दो छ किनभने पावल मण्डलीलाई सताउनमा प्रख्यात व्यक्ति थिए, तैपनि तिनी को थिए भन्ने कुरा सबै मण्डलीहरूलाई थाहा थिएन, र तिनले आफ्नो सेवकाइको निम्ति प्यालेस्टाइनका मण्डलीहरूबाट मान्यता खोजेनन् ।

▣ **“मण्डलीहरू”** १:२ मा रहेको विशेष शीर्षक हेर्नुहोस् ।

**१:२३-२४** पावलले यी प्राचीन यहूदी क्रिश्चियन मण्डलीहरूबाट मान्यता नखोजे तापनि तिनीहरूले अन्यजातिहरूमाझ तिनले गरेका सेवकाइको बारेमा सुनेपछि त्यो तिनलाई दिए (सन्दर्भ पद २४) । तिनीसँग उचित अधिकार थिएन भन्ने यहूदी “क्रिश्चियन” झूटा शिक्षकहरूविरुद्ध यो तिनको तर्कको अर्को बुँदा हो ।

▣ **“विश्वास”** यो शब्दका धेरैवटा भिन्न भावार्थहरू हुन सक्दछन् ।

१. पुरानो करारको पृष्ठभूमिले यो अर्थ दिन्छ: “विश्वासयोग्यता” वा “भरोसायोग्यता”, त्यसकारण यसलाई परमेश्वरको विश्वासयोग्यतामाथि हामीले राख्ने विश्वासलाई वा परमेश्वरको भरोसायोग्यतामाथि हामीले गर्ने भरोसालाई जनाउनको लागि चलाइन्छ ।
२. परमेश्वरले खीष्टमा दिनुहुने सित्तैंको क्षमादानको प्रस्तावलाई स्वीकार वा अस्वीकार गर्नु
३. विश्वासयोग्य, धार्मिक जीवनयापनको अर्थमा
४. क्रिश्चियन विश्वास वा येशूसम्बन्धी सत्यताको सामूहिक अर्थमा (सन्दर्भ प्रेरित ६:७ र यहूदाको पदहरू ३ र २०)

धेरैवटा खण्डहरूमा, जस्तै २ थेस्सलोनिकी ३:२, पावलको मनमा कुन अर्थ थियो भनी जान्न कठिन हुन्छ । यहाँ चौंथो विकल्प उत्कृष्ट लाग्दछ ।

## छलफलका लागि प्रश्नहरू

यो एउटा अध्ययन निर्देशिका टिप्पणी हो, अर्थात् तपाईंले बाइबलको आफ्नै उल्था गर्नुपर्दछ । हामी सबैजना आफूसँग भएको ज्योतिमा हिँड्नुपर्दछ । तपाईं, बाइबल र पवित्र आत्माले उल्थामा महत्वपूर्ण भूमिका खेल्नुपर्दछ । तपाईंले यसको जिम्मा कुनै टिप्पणीकारलाई दिनुहुँदैन ।

छलफलका लागि दिइएका यी प्रश्नहरूको आशय तपाईंलाई यो पुस्तकको यस खण्डका मुख्य विषयहरूको बारेमा सोचविचार गर्न लगाउनु हो । ती निर्णयात्मक नभई सोचविचार गर्न उक्साउनको निम्ति दिइएका हुन् ।

१. गलातीयाका मण्डलीहरूलाई पावलले शुरुमा दिएका टिप्पणीहरूमा कुन कुरा अद्वितीय छ ?
२. पद ४ मा पाइने खीष्टको व्यक्तित्व र कामलाई जनाउने तीनवटा वाक्यांशहरू उल्लेख गर्नुहोस् ।
३. किन पावल गलातीयाका मण्डलीहरूको कामप्रति त्यति अचम्भित भएका थिए ?
४. ती भूटा शिक्षकहरू को थिए र तिनीहरूको सन्देशको आधारभूत विषयवस्तु के थियो ?
५. "श्रापित" शब्दको अर्थ के हो ?
६. पावलले आफू मानिसलाई खुशी पार्ने व्यक्ति नभएको कुरा कसरी प्रमाणित गर्दछन् ?
७. पावलले १:१ मा दिएका महत्वलाई पुनः पदहरू ११ र १२ मा किन दोहोरचाउँदछन् ?
८. कसरी ती भूटा शिक्षकहरूले पावलको विगतको जीवनलाई तिनकै विरुद्धमा चलाइरहेका थिए ?
९. किन पावल अरेबिया गए ?
१०. ती भूटा शिक्षकहरूले पावलको विरुद्धमा लगाइरहेका केही सम्भावित आरोपहरूलाई र १:१० र अगाडि पावलले तिनीहरूलाई जवाफ दिएका तरिकालाई व्याख्या गर्नुहोस् ।